Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- २४ २०८१ साल माघ २२ गते मंगलबार (Feb 4, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## बेलायतका राजकुमार दम्पती भोलि नेपाल आउँदै



**काठमाडौं–** बेलायतका राजकुमार एडवार्ड मंगलबार श्रीमतीसहित नेपाल भ्रमणमा आउने भएका छन् ।

एडवार्ड श्रीमती सोफियासहित दिउँसो नेपाल भ्रमणमा आउन लागेको सुरक्षा स्रोतले जानकारी दियो । उनीहरू बेलायती राजा चार्ल्स तृतीयका भाई-बुहारी हुन् । उनीहरू दुवैजना छुट्टाछुटै विमानमार्फत नेपाल भ्रमणमा आउन लागेका हुन् ।

गृह मन्त्रालयका अनुसार नेपाल भ्रमणमा आउँदा बेलायती राजकुमार र उनको टीमले माइती नेपाल, कीर्तिपुरको आँखा अस्पताल, भक्तपुरमा रहेको एसओएस बालग्राम जाने कार्यक्रम तय भएको छ । यसका साथै राजकुमार र उनको टोली घुम्नका लागि पोखरासमेत जाने कार्यक्रम तय भएको छ ।

राजकुमार एडवार्ड र उनको टीमको सुरक्षा व्यवस्थाका लागि नेपाल प्रहरीको पीएसओ परिचलन गर्न प्रहरी प्रधान कार्यालयलाई गृह मन्त्रालयले निर्देशन दिएको छ ।

बेलायती राजपरिवारको वेब साइडमा उनीहरूले सन् २०२५ को पहिलो विदेश भ्रमण नेपालबाट गर्न लागेको जानकारी गत १४ जनवरीमा दिइएको थियो ।

राजकुमार एडवार्ड र उनको टोली माघ २७ गते शनिबार स्वदेश फर्कने कार्यक्रम रहेको सुरक्षा स्रोतले बतायो ।

# नेपालमै मेहेनत गरे के हुदैन भन्ने उदाहरण पाल्पाबाट लिउ

■ मोहन कार्की



**काठमाडौं–** यतिवेला नेपालका युवाहरु विदेशमा काम गर्न एयरपोर्टमा लाईन वसिरहेका होलान् । तर नेपालमा सुन्तला खेती गरिरहेका विभिन्न जिल्लाका किसानहरुले भने झण्डै चार, पाँच लाखको सुन्तला वेचेर मनग्य आम्दानी गरिरहेका छन् । कतिपयको उपयुक्त वारीहरु नभएकाको लागि त विदेश पनि एउटा विकल्प होला तर सम्भावना भएकाहरुका लागि नेपालमा कृषिवाट पनि मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उदारणहरु छन् ।

त्यसै मध्यको एक उदाहरण पाल्पाल जिल्लाको लिन सकिन्छ । यसवर्ष पाल्पा जिल्लामा नौ हजार ९८ मेट्रिक टन सुन्तला उत्पादन भएको छ । गत वर्ष आठ हजार आठ सय ६१ मेट्रिक टन उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । अघिल्लो वर्षभन्दा यसपटक तीन सय ३७ मेट्रिक टन उत्पादन बढेको हो ।

यस वर्ष रु ५२ करोड ७६ लाख ८४ हजार बराबरको सुन्तला बिक्री भएको केन्द्रका प्रमुख सन्तोषकुमार चौधरीले जानकारी दिए । उनका अनुसार गत वर्ष रु ४६ करोड सात लाख ७२ हजार बराबरको सुन्तला बिक्री भएको थियो । रु छ करोड ६९ लाख १२ हजार बराबरको र कम अघिल्लो वर्षभन्दा बढी यस वर्ष सुन्तला बिक्रीबाट जिल्लामा भित्रिएको छ ।

"सुन्तलाबाट राम्रो आम्दानी हुने भएपछि पछिल्लो समय यहाँका किसान व्यावसायिक उत्पादनमा लाग्नुभएको छ, अघिल्लो वर्षको तुलनामा यस वर्ष उत्पादन क्षेत्र बढेको छ, बजार ीकरण सहज भएको छ", उनले भने ।

रैनादेवीछहरा गाउँपालिकामा चार सय ५२ हेक्टर क्षेत्रफलमा तीन हजार छ सय ३९ मेट्रिक टन, रिब्दिकोटमा तीन सय ९६ क्षेत्रफलमा तीन हजार एक सय ८४ मेट्रिक टन, बगनासकालीमा एक सय १३ हेक्टरमा नौ सय १० मेट्रिकटन, पूर्वखोला गाउँपालिकामा ९० हेक्टरमा सात सय २८ मेट्रिक टन, तानसेन नगरपालिकामा ६८ हेक्टरमा पाँच सय ४६ मेट्रिक टन र माथागढी गाउँपालिकामा ११

» बाकी ६ पृष्ठमा

## लिम्बूहरू एक्लै छैनन्, मधेशको साथ छ : राजेन्द्र महतो

**काठमाडौं–** राष्ट्रिय मुक्ति पार्टी (नेपाल) का अध्यक्ष राजेन्द्र महतोले लिम्बूसँग मधेशी समुदाय साथमै रहेको बताएका छन् ।

सोमबार काठमाडौंको माइतीघर मण्डलामा आयोजित मुकुम्लुङ संरक्षण संघर्ष समितिले आयोजिना गरेको विरोध सभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

'नश्लीय सरकारको गलत नियत भण्डाफोर गर्दै मुन्धुमी आस्थास्थल र सांस्कृतिक सम्पदा जोगाउन सबै एकजुट हुनुपर्छ,' महतोले भने, 'अब लिम्बू एक्लै छैन, उसँग मधेश उभिएको छ । एक्लै लडदा गरिएको दमनझैं सधै दमन गर्छु नसोचे हुन्छ ।'

उनले अब आफूहरू लिम्बू समुदायको समर्थनमा उभिने बताउँदै भनेका छन्, 'इँटको जवाफ पत्थरले दिइनेछ ।'



'यो देश लिम्बुको हो कि होइन ? हो भने सार्वभौमसत्ता साझा गर्नुपर्छ । लिम्बुवान स्वायत्तता हुनुपर्छ,' महतोले भने ।

'लिम्बुवान राज्य भएको भए केबुलकार बन्ने निर्णय नै हुने थिएन । आफ्नो राज्य भएन भने उसको लोकतन्त्र पनि हुँदैन, मानव अधिकार पनि हुँदैन,' उनले भने ।

## बागलुङमा अलैंची उत्पादनमा वृद्धि




**बागलुङ–** बागलुङमा अलैंची उत्पादनमा वृद्धि भएको छ । क्षेत्र विस्तारका कारण गत वर्ष बागलुङका किसानले ४८ मेट्रिक टन अलैंची उत्पादन गर्न सफल भएका छन् ।

कृषि ज्ञानकेन्द्रको तथ्याङ्कअनुसार यहाँ किसानले अलैंची बिक्रीबाट एक आर्थिक वर्षमा रु छ करोड भित्र्याउन सफल भएका छन् । राम्रो मूल्य पाउने आशामा प्रत्येक वर्ष अलैंचीखेती विस्तार भइरहेको जैमिनी नगरपालिका वडा नं २ का कृषक बलिभद्र सापकोटाले बताए । उनका अनुसार अन्य जिल्लाको तुलनामा बागलुङका कृषकले अलैंचीको मूल्य कम पाएका छन् । यहाँ प्रतिकेजी एक हजार २५० का दरले अलैंची बिक्री भएको छ ।

उत्पादनबाट राम्रो आम्दानी हुने भएकाले यहाँ हरेक वर्ष किसानको आकर्षण बढिरहेको छ । अलैंचीखेतीको विस्तारले यसलाई पुष्टि गरेको छ । यहाँ आर्थिक वर्ष ०७८/७९ मा एक सय २८ हेक्टर जमिनमा अलैंचीखेती गरिन्थ्यो । जसमा ४२ मेट्रिक टन उत्पादन भएको थियो । प्रतिकेजी ९५० का दरले बेच्दा कृषकले तीन करोड ९९ लाखको कारोबार गरेका थिए । आर्थिक वर्ष ०७९/८० मा १३१ हेक्टर जमिनमा खेती विस्तार भयो तर उत्पादन भने घट्यो ।

» बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २४, २०८१ साल माघ २२ गते मंगलबार (Feb 4, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### राजनीतिको नामवाट भएका बिकृति हटाऔ ।

लोकतन्त्र आफैमा सुन्दर शव्द हो । लोकतन्त्रमा असल कुराहरु समाजमा राखेर सवैको मन जितेर त्यहि समाजलाई अझै राम्रो बनाउने कार्य नै लोकतन्त्रको मूल मर्म हो अर्थात मूख्य काम हो ।

तर नेपालको सन्दर्भमा त्यस्तो नभएर उल्टै लोकतान्त्रिक तानाशाहवाद, छाडातन्त्र, भीडतन्त्र, अराजकता, बोलवालाको शक्तिको दुरुपयोग जस्ता कार्यहरु लोकतन्त्रको नाम लिएर लोकतन्त्रको पक्षमा भन्दै शक्तिमा पुगेका व्याक्तिहरुले अहिले गरिरहेका कार्यवाट जनता खुशी छैनन् ।

उनिहरुले लोकतान्त्रिक राजनीतिलाई बिकृतिको रुपमा प्रयोग गरेर आफुले गरेका नराम्रा कामहरु कसैले नउठाउन भन्नका लागि सामाजिक सञ्जालहरुमा प्रतिबन्ध लागाउने खुल्ला अभिमत राख्न पाउने अधिकारलाई बन्देज गर्ने जस्ता कार्यहरु गर्न थालेवाट पनि लोकतान्त्रिक अधिनायकवाद अर्थात लोकतन्त्रको नामवाट सत्तामा पुगेकाहरुले गर्न थालेका छन् ।

अर्को तर्फ सामाजिक सञ्जालमा प्रयोग कर्ताहरु मध्य केहीले फेक अर्थात झुट आइडी खोलेर नजायज खालका कार्यहरु पनि गरेका छन् । जसमा धेरै जतिथ सरकारको पक्षपोषण गर्ने र विपक्षीहरुलाई गाली गलौज गर्नका लागि यस्ता कार्यहरु भएको देखिन्छ । अपवादमा अन्य केही नागरिक जो टिनेजरर्स अवस्थामा भएका केहीले यस्ता कार्य गरेका होलान् ।

केही  अन्जानमा गरेका गल्तीलाई नै सवैथोक हो भनेर शक्तिमा रहेका जिम्मेवार सरकार, पार्टीहरुले सामाजिक सञ्जाल नियन्त्रण गर्नको सट्टा राजनीतिक बिकृति हटाउन आफैवाट शुरुवात गर्नुपर्छ तवमात्र समाजको लोकतान्त्रिक सुन्दरता प्राप्त गर्न सकिन्छ ।
यतापर्टी सबैको ध्यान जान जरुरी छ ।

# संविधानको दुरूपयोग र संशोधनको मुद्दा



*आफ्नै दलका इमानदार कार्यकर्ताका भावनाहरुलाई रद्दीको टोकरीमा फाल्न नहिच्किचाउने नेतृत्व वर्गले संविधान संशोधनको मुद्दा उठाएर यदि संशोधनको वातावरण बनिहाल्यो भने आफ्नो हित हुनेदेखिबाहेक जनहितमा संविधान संशोधन हुने कुरामा जनजनले परिकल्पना पनि गरेका छैनन् । भएका संविधानका महत्वपूर्ण धाराहरुलाई सहीरुपमा कार्यान्वयन गर्न असफल देखिएकाहरुले संविधान संशोधनको कुरा उठाउनु हास्यास्पदबाहेक अरु केही होइन ।*

**बालकृष्ण मैनाली**

संविधानसभाले वर्तमान संविधानलाई पारित गर्दा जनजनमा जुन उत्साह र खुशीयाली छाएको थियो, आजको दिनसम्म आइपुग्दा सो उत्साह र खुशीयाली सबै हराएर गइसकेको कुरामा अब सन्देह रहेन । विभिन्न दिवसहरुमध्ये प्रत्येक वर्ष मनाइने नाममात्रको संविधान दिवसको पनि अब अर्थ रहेन भन्न थालेका छन् अधिकांश जनहरु । विभिन्न दिवसहरुको अवसर पारेर अहिले पनि पूर्वराष्ट्रपतिहरुदेखि लिएर वर्तमान राष्ट्रपतिसम्म, पूर्वप्रधानमन्त्रीदेखि वर्तमान प्रधानमन्त्रीसम्म, तत्कालीन संविधानसभाका सदस्यहरुदेखि वर्तमान संसद् सदस्यहरुसम्म, त्यसै गरी पूर्वप्रधानन्यायाधीशदेखि वर्तमान प्रधानन्यायाधीशसम्म, सँगसँगै कानुनका विद्यार्थीलगायत वकिलहरुसम्मले दिवसको पूर्वसन्ध्यादेखि दिवसको दिनसम्म आ-आफ्ना भावना साटफेर गर्ने काम गर्छन् तर सदैव संविधानको मर्मलाई आत्मसात् गर्नचाहिँ सदैव पछि हट्ने गर्छन् ।

वर्तमान दलका नेतृत्वहरुमा संविधानका धाराहरुको दुरुपयोग कसले गर्ने भनेर प्रतिस्पर्धा हुन्छ । यही यथार्थताले देशलाई गाँजिरहेको धेरै वर्ष भइसकेको छ । जनहितको विषय र जनहितको सवाललाई लिएर दलीय नेताहरुको मन कहिल्यै रोएन । भर्खरै शहीद दिवस मनाइएको छ । शहीदहरुका सपनाहरु जनकल्याणप्रति समर्पित रहेको भए तापनि त्यो सपनाले कहिल्यै साकार रुप लिन सकेन । दिवंगत शहीदहरुले यिनै सत्ताधारीहरुलाई सत्तामा पुर्‍याउन आफ्नो जीवनको आहुती दिए, तिनै शहीदहरुको सपनामा सदैव खेलबाड गर्ने काम भइरह्यो ।

वर्तमान अवस्थालाई नियाल्दा प्रत्येक सत्ताधारीहरुका मनमा यदि इमानदार र क्षमता भएकाहरुले देशको नेतृत्व सम्हाले भने आफ्नो र आफू वरिपरिबाट भएका गलत क्रियाकलापहरुको भण्डाफोर हुने भएकोले जसरी भए पनि आफू सत्तामा रहिरहनको लागि थरी-थरीका भ्रम छर्न लालायित देखिइरहेको कुरामा विमति छैन । आफ्नै दलका इमानदार कार्यकर्ताका भावनाहरुलाई रद्दीको टोकरीमा फाल्न नहिच्किचाउने नेतृत्व वर्गले संविधान संशोधनको मुद्दा उठाएर यदि संशोधनको वातावरण बनिहाल्यो भने आफ्नो हित हुनेदेखिबाहेक जनहितमा संविधान संशोधन हुने कुरामा जनजनले परिकल्पना पनि गरेका छैनन् । भएका संविधानका महत्वपूर्ण धाराहरुलाई सहीरुपमा कार्यान्वयन गर्न असफल देखिएकाहरुले संविधान संशोधनको कुरा उठाउनु हास्यास्पदबाहेक अरु केही होइन । संविधानमा व्यवस्थित गरिएका धाराहरुको मूल मर्मलाई मात्र आत्मसात् गरी कार्यान्वयनको दिशामा अगाडि बढाउनुभन्दा पनि आफूलाई अनुकूल हुने किसिमले संवैधानिक धाराहरुको व्याख्या गर्दै संविधानका धाराहरु प्रयोग हुन पुगेको कुरा स्पष्ट छ । यी कुरालाई प्रत्यक्ष, अप्रत्यक्षरुपमा सम्बन्धित पुराना दलहरुका कार्यकर्ताले स्वीकार गर्दै आएका छन् ।

संविधानलाई शासन सञ्चालनको महत्वपूर्ण औजार मानिन्छ । समुच्च संविधान देश सञ्चालनको मूल औजार नै हो भने संविधानका प्रत्येक धाराहरु सहयोगी औजारहरु हुन् । प्रत्येक धाराहरु क्रियाशील र सही अर्थमा कार्यान्वयन हुन पुगे भने देश शिखरमा चुम्न कतै समय लाग्दैन । संविधान, नियम र कानुनको परिधिभित्र रहेर छोटो समयमा तरक्की गरेका देशहरु उदाहरणको रुपमा बग्रेल्ती छन् तर हाम्रो देशमा संविधानले अंगिकार गरेका र संविधानका धाराहरुमा व्यक्त गरिएका शब्द तथा बाक्यहरुका बारेमा गुणगान गाउन कहिल्यै नथाक्ने सत्तासीनहरुको चरित्रलाई दृष्टिगत गर्दा लाजले पनि आफ्नो शिर निहुँर्‍याएको सत्तासीनहरुलाई बोध हुन पनि छाडिसकेको छ । संविधानलाई आ-आफ्नो राजनीतिक स्वार्थ अनुरुप प्रयोग गर्ने सम्बन्धमा प्रतिस्पर्धा नै चल्न थालेको छ । संविधानका धाराहरुले अवलम्बन गरेका लक्ष्यहरुको प्राप्तिमा तगारो उत्पन्न भएर बसेको दशकौं बितिसक्दा पनि वर्तमानका युवापुस्ताहरुले टुलुटुलु हेरेर बसेको देख्दाचाहिँ बाँचिरहेका पुराना पुस्ताहरु आश्चर्यचकित भएका छन् ।

संविधानमा व्यवस्था गरिएका धाराहरुमध्ये राज्यलाई सञ्चालन गर्ने विभिन्न सञ्चालकहरुका कार्यविधिलगायत उनीहरुका पदावधि वा उनीहरुले पाउने सुविधाहरु ती सबै गौण विषय हुन् । देशको संविधानमार्फत राज्यका नागरिकहरु कसरी लाभान्वित हुन्छन् ? के कुरामा बढी ध्यान केन्द्रित गर्नुपर्ने हो ? भन्ने विषयलाई प्राथमिकतामा राखी शासन सञ्चालन गरिनुपर्दथ्यो । विडम्बना नै मान्नुपर्दछ, अझै पनि राज्य सञ्चालकहरुको आँखा यो विषयमा खुल्नै सकेको छैन । प्रत्येक वर्ष मनाइने राज्यका महत्वपूर्ण दिवसहरुमा देखावटीरुपमा संविधानको धाराहरुलाई क्रियाशील गर्दै वक्तव्यबाजीको बाढीले जनजन आजित भैसकेका छन् ।

देशमा संवैधानिक क्षेप्यास्त्रको पटक-पटक दुरुपयोग हुन पुगेको लामो फेहरिस्त बनिसकेको छ । यो क्रम अझसम्म पनि जारी नै छ । झन् वर्तमानमा आएर त यस किसिमको कार्यले सीमा नै नाघिसकेको छ भन्दा पनि हुन्छ । वास्तवमा जस्तोसुकै संविधान ल्याए तापनि संविधान आफैँमा कहिल्यै खराब हुँदैन । संविधानलाई प्रयोग गर्ने प्रयोगकर्ताहरुको कारणले संविधान असल र खराब देखिने हो । एकातिर खान पाइन र रोजगारी पाइन भन्दै विदेश जाने युवाहरुको लर्कोले देश रित्तिँदै छ । गाउँ सबै रित्तिसकेका छन् । खेतवारी बाँझो हुन पुगेका छन् । स्वदेशको फलफूल, तरकारी देशवासीले उपभोग गरेर बाहिर निर्यात गरी आम्दानी भित्र्याउनुपर्ने हाम्रो जस्तो कृषिप्रधान देश, विदेशमा विषादी मिसिएको तरकारी र फलफूल खान बाध्य पारिएको अवस्था विद्यमान छ । विदेशमा गएकाहरु प्नि कतिपय युवाहरु दलालको फन्दामा परी ठगिएर स्वदेश फर्कन राज्यलाई हारगुहार गरिरहेका छन् ।

त्यस्तै द्वन्द्वबाट विस्थापित भएका पीडितहरु, सम्साँझै जहाँकहीँ बलात्कारमा परेका पीडितहरु, संसार नै देख्न नपाई हत्या गरिएका बेवारिसे शिशुहरुका हितका बारेमा बोलेर नथाक्ने वर्तमान सरकारका प्रतिनिधिहरुलाई संविधानको प्रस्तावनादेखि लिएर धारा १६ देखि ३२ सम्मले कति गिज्याइरहेका होलान् र कति कुरीकुरी भनिरहेका होलान् ? राजनीतिक व्यवसायीहरुलाई त्यसको न त कुनै चिन्ता छ, न त कुनै पर्वाह । संसद्मा प्रतिनिधित्व गरेका हरेकलाई संविधानमा उल्लिखित मानवअधिकारका कुन-कुन धाराहरु समावेश छन् ? भनेर प्रश्न गर्ने हो भने कति सांसदले जनताका अगाडि उभिएर यो धारादेखि यो धारासम्म संविधानले मानवअधिकारका सवालहरुलाई सुनिश्चित गर्ने अभिभारा लिएको छ, हामी त्यसमा लागिपरेका छौँ भनेर प्रमाणसहित दलिल पेस गर्न र वकालत गर्न सक्छन् ? कतिले आजको दिनसम्म हामीले मानवअधिकारका यी-यी धाराहरुलाई सम्बोधन गर्न समर्थ भयौँ, अब यी-यी धाराहरु बाँकी छन् भनेर भन्न सक्छन् ? कण्ठ गरेर होइन, संविधानको किताबै हेरेर भन्न दिने हो भने पनि धेरै सांसदहरुले मुख लुकाउनुपर्ने अवस्था छ । बेला-बेलामा लेखेको कुरा पनि भन्नलाई कन्नै पर्ने सांसदहरुका फुटेजहरुले यी कुराहरुलाई प्रमाणित गरिदिइसकेका छन् । वास्तवमा समावेशीको अर्थ आफ्नो मन पर्ने वा नातेदार वा आफन्त छान्ने होइन, समावेशीको नाउँमा सक्षम समावेशी छानिएर संसद्मा प्रतिनिधित्व हुनुपर्दथ्यो । यो मामिलामा पनि राज्यको नेतृत्व चुकेको छ

नीति नियमलाई धितो बन्धक राखेर वा आफ्नो अभीष्ट रुचि पूरा गर्न जस्तोसुकै कार्य गर्न छुट पाइरहेका विशेष गरी पुराना राजनीतिक व्यवसायीहरुका लागि प्रत्येक वर्ष आउने विभिन्न दिवसहरु मागिखाने भाँडोमा परिणत हुन पुगेका छन् । विभिन्न दिवसहरु पञ्चायतकालमा पनि मनाइन्थ्यो, त्यति बेला तीस वर्षदेखि राज्य सञ्चालन गरिरहेकाहरुविरुद्ध वर्तमानका नेताहरुले नै पञ्चायतकालीन संविधान दिवसलाई कालो दिवसको रुपमा मनाउने गर्थे । विडम्बना, आज संघीयता संविधान जारी भएको यतिका वर्ष पुग्दा पनि संघीयताअन्तर्गतको संविधान अनुरुप सार्थक सम्बोधन हुन नसकेको विषयमा सत्ताधारीहरुको मनमा ठेस र क्लेसले छोएको अनुभूति गर्न सकिएको छैन । सत्तापक्षीय राजनीतिक व्यवसायीहरुचाहिँ कसरी लामो अवधिसम्म जनतालाई मूर्ख बनाई संवैधानिक दुहाई दिँदै, आफ्नो पुरानो भोट बैक कायम राख्दै थप बैंक भोट बढाउनेप्रति आफना विचार केन्द्रित गर्ने र प्रतिपक्षीहरु पनि सकेसम्म आफ्नो भोट बैंक कायम राख्ने सवालमा सत्तापक्षीय राजनीतिक व्यवसायीहरुले जे-जे गरे पनि विरोधको नाउँमा विरोधदेखि बाहेक थप संविधानमा उल्लिखित मानवअधिकारको लागि आफ्नो धर्म निभाएको अनुभूति कसैले पनि गर्ने गरेका छैनन् ।

जुन बेलादेखि जनताको मतबाट आफूलाई शासक ठान्ने राजनीतिक व्यवसायीहरु द्रव्यमोहमा स्खलित हुन पुगे, त्यति वेलादेखि देश ओरालो गतिमा लाग्न थालेको हो । जानी नजानी भएका अर्थात् विगतमा आफ्ना स्वार्थवश नै भए पनि भए/गरिएका विकासहरुको संरक्षण त परै जाओस्, त्यति बेला व्यवस्थित गरिएका आधारस्तम्भसमेत राजनीतिक व्यवसायीहरुका रुचिका लागि भत्काइएको प्रत्यक्ष उदाहरण धेरै ठाउँमा देखिएको छ । वास्तविकता बुझिसकेका, जेलनेल-हन्डर खाएर खरोरुपमा उत्रेका राजनीतिक नेतृत्वहरुसमेत राजनीतिक व्यवसायीमा परिणत हुन पुगी यो वा त्यो नाउँमा द्रव्यमोहमा डुबुल्की लगाउने कार्यलाई निरन्तरता दिँदै आइरहेको तथ्यलाई नियाल्दा देशले परिवर्तनको काँचुली कहिलेसम्म फेरिसक्छ भनेर अनुमान गर्नु कल्पनाभन्दा बाहिरको विषय हुन पुगेको छ ।

जनमतको लागि यो विषय गम्भीर भएर देखा परिरहेको अवस्थालाई इमानदार युवा कार्यकर्ताहरुले बेलैमा सम्बोधन गर्न अग्रसर हुनै पर्दछ । अन्यथा त्यसपछिका पुस्ताहरु झन् समस्यामा पर्ने निश्चित छ । यदि संविधान संशोधन गर्ने हो भने स्थानीय तहलाई अझ बढी अधिकार प्रदान गरी प्रदेश खारेजीलगायत निर्वाचनमा उम्मेदवारी दिनेहरुको सम्बन्धमा न्यूनतम शैक्षिक योग्यता राखिनै पर्दछ । त्यसको साथसाथै उम्मेदवार दर्ता गर्दा नै आफ्नो सम्पत्ति सार्वजनिक गर्ने व्यवस्था हुनै पर्दछ र विजयी बनेपछि निभाउनुपर्ने भूमिका र तोकिएको भूमिका ननिभाएको अवस्थामा फिर्ता बोलाउन पाउने कुराको संशोधनमामार्फत सम्बोधन गरिन सके सुनमाथि सुगन्ध नै हुन्छ । पक्कै पनि वर्तमान संविधानलाई नै निरन्तरता दिनु उपयुक्त हुने कुरामा धेरै जनमत रहेको छ । हुन त गहकिलो संवादमार्फत ठोस निर्णयमा पुग्न अल्छी गर्ने हाम्रा राजनीतिक व्यवसायीहरु, संवैधानिक बुँदाको प्रयोगमार्फत श्रीमती, छोरी, श्रीमान्लगायत आ-आफ्ना नजिकका व्यक्तिका नामहरु कोटको खल्तीबाट झिक्दै यो वा त्यो नामको कोटाबाट सांसद्लगायत विभिन्न पद र ओहदाहरु प्रदान गर्नमा किञ्चित लज्जा महसुस नगर्ने नेताहरुबाट सकारात्मक परिवर्तनको आशा गर्नु नै बेकार छ भन्छन् जनजन ।

*(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ ।)*

# गण्डकी प्रदेश सभामा अस्थायी कर्मचारी राख्ने अध्यादेश पेस




**पोखरा–** गण्डकी प्रदेश सरकारले अस्थायी कर्मचारी भर्ना गर्न जारी गरेको अध्यादेश प्रदेश सभा बैठकमा पेस भएको छ। करिब ५ महिनापछि सोमबार बसेको सोमबार गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश निजामती सेवा ऐन संशोधन गर्न बनेको अध्यादेश संसद्मा पेस गरेका हुन्।

२ वर्षअघि आफैंले जारी गरेको निजामती सेवा ऐनले करारमा कर्मचारी राख्न बन्देज गरेपछि लोकसेवा आयोगको असहमतिका बाबजुद गण्डकी प्रदेश सरकारले गत पुस ९ गते अध्यादेश जारी भएको थियो।

गत मंसिर १७ गते बसेको मन्त्रिपरिषद्को बैठकले अध्यादेश ल्याउन लोकसेवासँग परामर्श लिने निर्णय गरेको थियो। लोकसेवा आयोगले प्रदेश निजामती सेवा ऐन र संघीय ऐनले पनि करार, ज्यालादारी, अस्थायी कर्मचारी राख्न नपाउने भन्दै असहमति जनाएको थियो।

प्रदेश निजामती सेवा ऐनमै नभएको दफा संघीय ऐनलाई हेरेर थप गर्ने निर्णय गरेको छ। संघीय ऐनसँग बाझिएमा प्रदेश कानुन स्वतः खारेज हुने व्यवस्थासमेत छ।

गण्डकीको निजामती सेवा ऐनको दफा १४ मा कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने व्यवस्था थियो। त्यसको उपदफा २ मा भनिएको छ, 'कसैले कुनै व्यक्तिलाई नियुक्ति गरेमा त्यसरी नियुक्ति पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधाबापतको रकम नियुक्ति गर्ने अधिकारीबाट सरकारी बाँकीसरह असुल उपर गरिने छ।'

यही व्यवस्थाका कारण मन्त्रीदेखि सचिवसम्म करार तथा अस्थायीमा नियुक्त गर्न डराइरहेका थिए। तर, स्वास्थ्यतिर भने विशेष स्वास्थ्य सेवाका नाममा करारमा नियुक्त गरिएको थियो।

प्रदेश ऐनमा नभएको दफालाई संघीय कानुनबाट साभार लिँदै दफा १४ को विकल्प खोजेर गण्डकी प्रदेश सरकारले अध्यादेश ल्याएको हो। संघीय ऐनको दफा ११ मा लोकसेवा आयोग आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरूमध्येबाट अस्थायी नियुक्त गर्ने प्रयोजनको लागि छुट्टै योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्ने उल्लेख छ।

त्यसैगरी उपदफा २ मा निजामती सेवाको कुनै रिक्त पदमा अस्थायी नियुक्ति गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयले लोकसेवा आयोगमा लेखी पठाउनुपर्ने व्यवस्था छ। फेरि लोकसेवा आयोगले योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित मन्त्रालयमा मागको आधारमा अस्थायी नियुक्ति गर्न नाम सिफारिस गरी पठाउने छ।

लोकसेवाको सिफारिसका आधारमा बढीमा ६ महिनासम्मका लागि सम्बन्धित मन्त्रालयले अस्थायी नियुक्ती गर्नसक्ने व्यवस्था संघीय ऐनमा छ। यो व्यवस्थाविपरीत कसैले अस्थायी नियुक्ति गरेमा त्यस्तो नियुक्ति भएको निजामती कर्मचारीले आइपाइ आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुलउपर गर्ने व्यवस्था छ।

यही व्यवस्थालाई थपेर गण्डकीले निजामती सेवा ऐन अध्यादेशमार्फत् संशोधन गरेको हो। अस्थायी, करार र ज्यालादारीमा कर्मचारी नै राख्न नपाइने व्यवस्थाले बजेट कार्यान्वयनमा समस्या परेको सरकारले निष्कर्ष निकाल्दै अध्यादेश ल्याएको हो। संघीय ऐन व्यवस्था गरेजस्तै अब गण्डकीमा पनि बढीमा ६ महिनाका लागि अस्थायी नियुक्ति गरिने बताइएको छ।

११ वटै जिल्लामा रहेको पर्यटन कार्यालयमा १/१ र स्वास्थ्यतर्फ झण्डै १५ जना कर्मचारी तत्काल आवश्यक परेको एक मन्त्रीले बताए। करारमा कर्मचारी राख्न लोकसेवाले असहमति जनाएपछि संघीय ऐनमा भएको व्यवस्थालाई नै गण्डकीको ऐनमा समावेश गरेर अध्यादेश जारी गर्ने निष्कर्षमा सरकार पुगेको थियो। गण्डकीमा यातायात व्यवस्था कार्यालय, कृषि मन्त्रालय, ऊर्जाजलस्रोत तथा खानेपानीतर्फ पनि अस्थायी कर्मचारीको आवश्यता रहेको सरकारको भनाइ छ।

गण्डकीमा संघीय सरकारले २ हजार ६ सय १७ दरबन्दी तोकेको छ। तर, गण्डकी सरकारले भने ३ हजार ३ सय चाहिने बताउँदै आएको छ।

गत असोज ७ गते संसदको छैठौं अधिवेशन अन्त्य भएको थियो। ११ वटै जिल्लामा रहेको पर्यटन कार्यालयमा १/१ र स्वास्थ्यतर्फ झण्डै १५ जना कर्मचारी तत्काल आवश्यक परेको एक मन्त्रीले बताए। करारमा कर्मचारी राख्न लोकसेवाले असहमति जनाएपछि संघीय ऐनमा भएको व्यवस्थालाई नै गण्डकीको ऐनमा समावेश गरेर अध्यादेश जारी गर्ने निष्कर्षमा सरकार पुगेको हो। गण्डकीमा यातायात व्यवस्था कार्यालय, कृषि मन्त्रालय, ऊर्जा जलस्रोत तथा खानेपानी तर्फ पनि अस्थायी कर्मचारीको आवश्यता रहेको सरकारको भनाइ छ।

गण्डकीमा संघीय सरकारले २ हजार ६ सय १७ दरबन्दी तोकेको छ। तर, गण्डकी सरकारले भने ३ हजार ३ सय चाहिने बताउँदै आएको छ।

शोक प्रस्ताव पारित

अध्यादेश संसद्मा पेस गरेपछि सांसद विमला गौचनको निधन भएकोमा शोक प्रस्ताव पारित गर्दै गण्डकी प्रदेश सभाको सोमबारको बैठक सकिएको छ। म्याग्दीबाट नेपाली कांग्रेसको समानुपातिक सांसद रहेकी गौचनको मंसिर २८ गते ग्राण्डी अस्पतालमा उपचारका क्रममा निधन भएको थियो।

गत कात्तिक महिनामा दामोदर कुण्ड जाँदा लेक लागेर बिरामी परेकी गौचनलाई पछिल्लो पटक डेंगु संक्रमण भएको थियो। स्वास्थ्य अवस्था गम्भीर बनेपछि उनलाई ग्रान्डी अस्पताल पुऱ्याइएको थियो। त्यहीँ उपचारको क्रममा गौचनको निधन भएको हो।

नेपाली कांग्रेस गण्डकी प्रदेश समिति सदस्यसमेत रहेकी गौचनको श्रीमान राम गौचनको पनि घरमै काम गर्ने क्रममा २०६४ सालमा मृत्यु भएको थियो।

महिला शसक्तिकरणको क्षेत्रमा लागेकी गौचन सामाजिक क्षेत्रमा पनि उत्तिकै सक्रिय थिइन्।

२०१८ सालमा मुस्ताङको कोबाङमा जन्मिएकी गौचन महिला संघ म्याग्दीको अध्यक्ष पनि भएकी थिइन्। उनी होटल व्यवसायमा आवद्ध थिइन्। थकाली समुदायबाट सांसद हुने एकमात्र महिला थिइन्। उनी अर्थ तथा विकास समितिको सदस्य थिइन्।

गौचनको निधन भएपछि उनको ठाउँमा दोस्रो नम्बरमा रहेकी स्याङ्जाकी सुनिता थापा समानुपातिक सांसदको रुपमा संसद प्रवेश गरेकी छन्।

निर्वाचनका बेला कांग्रेसले बुझाएको समानुपातिकतर्फको बन्दसूचीअनुसार आदिवासी/जनजाति क्लस्टरको १ नम्बरमा रहेकी गौचनको मृत्यु भएपछि अब पाँचौ नम्बरमा रहेकी स्याङ्जा चापाकोटकी थापा प्रदेशसभा सदस्य बन्ने भएकी हुन्।

आदिवासी/जनजाति महिलातर्फबाट म्याग्दीकी गौचनसहित पर्वतकी रेखा गुरुङ, कास्कीकी सरस्वती गुरुङ र लमजुङकी पार्वती तामाङ क्रमसंख्याअनुसार सामानुपातिक सांसद बनेर प्रदेश सभा छिरेका थिए। गौचनको निधन भएसँगै क्रमसंख्याअनुसार स्याङ्जाकी सुनिताले प्रदेश सभा सदस्य बनेकी हुन्।

स्याङ्जा चापाकोट नगरपालिका- ९ मा जन्मिएकी सुनिता अपांगता भएका व्यक्तिहरूको हकहितमा काम गर्दै आएकी छन्।

अहिले कांग्रेसको गण्डकी प्रदेश महाधिवेशन प्रतिनिधि रहेकी सुनिताले ६ कक्षा पढ्दै गर्दा बिरामी भएर एक्कासी श्रवण शक्ति गुमाएकी थिइन्।

आफूले नसुन्ने तर नेपाली, अंग्रेजी प्रस्टसँग बोल्न र आफ्नो भनाइ राख्न सक्ने सुनिताले विभिन्न गैरसरकारी संस्थामा काम गर्दै राजनीतिमा पनि सक्रिय छन।

२०५९ सालमा जन्मिएकी सुनिताले स्नातकसम्मको अध्ययन गरेकी छन् भने विभिन्न अपांगता भएकाहरूको क्षेत्रमा अभियन्ताका रुपमा सक्रिय छिन्।

# रामेछाप डायरी

## रामेछाप अस्पतालमा २४ सै घण्टा बाल रोग विशेषज्ञले सेवा दिंदै

बच्चाहरुको हरेक किसिमको उपचार अहिले रामेछाप अस्पताबाटै भैरहेको छ। अस्पतालमा नियमित रुपमा २४ सै घण्टा बच्चाहरुको लागी ओपीडी,ईमर्जेन्सी र एसएनसियु सेवा संचालन भैरहेको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डाक्टर केशव श्रेष्ठले जानकारी दिनुभयो।

अस्पतालमा बाल रोग विशेषज्ञ डा निरज श्रेष्ठले नियमित रुपमा ओपीडी,ईमर्जेन्सी र एसएनसियु सेवा दिँदै आउनुभएको छ। बच्चाहरुको विभिन्न रोगको उपचार यहि अस्पतालबाट हुने भएकाले आफ्ना बालबाच्चालाई उपचारका लागी ल्याउन पनि निमित्त मेसु डा. श्रेष्ठले आग्रह गर्नुभयो।




अनुभव प्राप्त विशेषज्ञ डाक्टरबाट बच्चाहरुको हरेक किसिमको उपचार अब रामेछाप अस्पताबाटै हुनेछ। अस्पतालमा धेरै सेवाहरु थप भएसँगै उपचार गर्न आउने बिरामीहरु पनि बढेका छन।

## तामाकोशी नदिमा करेन्ट लगाएर माछा मार्ने क्रममा एक युवकको मृत्यु



तामाकोशी नदिमा करेन्ट लगाएर माछा मार्ने क्रममा रामेछापमा एक युवकको ज्यान गएको छ। गएराति १० बजेको समयमा ब्याट्रीबाट करेन्ट लगाएर माछा मार्ने क्रममा जिल्लाको मन्थली नगरपालिका-८ चिसापानी स्थित जखनीटारका २१ वर्षीय सुरेश माझीको घटनास्थलमै ज्यान गएको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ।

प्रहरीका अनुसार करेन्ट लगाएर माछा मार्न भन्दै गए राति जखनीटारका मृतक माझी सहित ६ जना तामाकोशीमा गएका थिए।प्रारम्भिक अनुसन्धानबाट उक्त युवकको करेन्ट लगाएर माछा मार्ने क्रममा आफैलाई करेन्ट लागेर मृत्यु भएको भन्ने खुलेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख प्रहरी नायव उपरीक्षक प्रदीप कुमार सिंहले बताउनुभयो।

अहिले मृतक माझीसँगै माछा मार्न साथी गएका २६ वर्ष र २२ वर्षका दुई युवक , १८ वर्षका एक जना र १३ वर्षका दुई जना किशोर हरूलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।

# चाँगुनारायणमा स्मार्ट सिटी कार्यान्वयन गराउन अर्थ र सहरी विकास मन्त्रीको अनुगमन

चाँगुनारायणमा स्मार्ट सिटी कार्यान्वयन गराउन अर्थ र सहरी विकास मन्त्रीको अनुगमन

भक्तपुर- चाँगुनारायणमा स्मार्ट सिटी कार्यान्वयन गराउन उप प्रधान तथा अर्थ मन्त्री विष्णु पौडेल र उपप्रधान तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले चाँगुनारायण क्षेत्रको अवलोकन गर्नुभएको छ।

चाँगुनारायण नगरपालिका वडा नम्बर १ देखि ४ सम्म उहाँहरूका साथमा बागमती प्रदेश सभा सदस्य सुरेश श्रेष्ठ, चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्री, उपप्रमुख रमेश बुढाथोकी, पूर्व सचिव मनि राम गेलाल, काठमाडौं उपत्यका विकास प्राधिकरणका आयुक्त जानुका ढकाल, नायव आयुक्त नवराज प्याकुरेल लगायत वडा अध्यक्षहरू तथा सरोकारवालाहरूले चाँगुनारायण क्षेत्रको अवलोकन गर्नुभएको हो।

चाँगुनारायण नगरपालिकालाई एक उच्च स्तरीय नगर बनाउनको लागि उहाँहरूले अवलोकन गर्नुभएको चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले जानकारी दिनुभएको छ।

चाँगुनारायण नगरपालिकाका विभिन्न क्षेत्र स्मार्ट सिटीका नाममा लामो समय देखि जग्गा रोक्का भएर पनि काम थालनी नभएको भन्दै गुनासो आउन थालेपछि अर्थ तथा सहरी विकास मन्त्री स्वयम चाँगुनारायणको अवलोकनमा निस्कनु भएको हो।

उहाँहरूले चाँगुनारायण नगरपालिकाका वडा नम्बर १ दुवाकोटबाट वडा नम्बर २ अनि वडा नम्बर ३ झौखेल र चार नम्बर वडाका चाँगु क्षेत्रको अवलोकन गर्दै चाँगुनारायण मन्दिरको दर्शन गर्नुभएको थियो।

चाँगुनारायण नगरपालिका अन्तर्गत ३५ हजार रोपनी जग्गामा स्मार्ट सिटी निर्माणका लागि कार्य अगाडी बढाइने अर्थ तथा सहरी विकास मन्त्रीले बताउनुभएको नगर प्रमुख



जीवन खत्रीले बताउनुभयो। उहाँका अनुसार लामो समय देखि जग्गा रोक्का हुँदा समस्या आएको र यसको निराकरण भनेको केवल स्मार्ट सिटीलाई कार्यान्वयनको बाटो मात्र भएका कारण मन्त्रीहरूको टोली सहित नगरपालिका क्षेत्रको अवलोकन भएको उहाँले जानकारी दिनुभयो।

चाँगुनारायण नगरपालिका क्षेत्रमा स्मार्ट सिटी कार्यान्वयन नहुँदा यहाँका जनताले विभिन्न समस्या झेल्नुपरेको तथा यसको कार्यान्वयन छिटो भन्दा छिटो गराउनु आवश्यक भएको बागमती प्रदेश सभा सदस्य सुरेश श्रेष्ठले बताउनुभयो।

अर्थ तथा सहरी विकास मन्त्रीका साथमा उपत्यका विकास प्राधिकरणका पदाधिकारी तथा नगरका सरोकारवालाहरू बिचमा भएको उक्त अवलोकनबाट छिटो भन्दा छिटो स्मार्ट सिटी कार्यान्वयनको अवस्थामा आउनेमा आफू विस्वत भएको उहाँले बताउनुभयो।

स्मार्ट सिटी अन्तर्गत कहाँ अस्पताल बन्ने कहाँ खेल मैदान बन्ने तथा यहाँको विकासमा के कति लागत लाग्छ साथै स्मार्ट सिटी कार्यान्वयन गर्दा यहाँ भएका बस्ती तथा विकासका मोडललाई कसरी आत्मसाथ गर्दै लैजाने भन्ने विषयमा छलफल तथा अवलोकन भएको उहाँले जानकारी दिनुभयो।

मन्त्रीहरूका साथमा भएको उक्त अवलोकनबाट चाँगुनारायण बासीमा स्मार्ट सिटीको परिकल्पना पुरा हुने आशा जागेको छ।

# दैलेखमा नेपाल निजामती कर्मचारी युनियनको दोस्रो अधिवेशन सम्पन्न

**बिनोद नेपाली**

**काठमाडौं–** दैलेख जिल्लाको आठबिस नगरपालिका शाखामा नेपाल निजामती कर्मचारी युनियनको दोस्रो अधिवेशन सम्पन्न भएको छ।

माघ २० गते सम्पन्न भएको अधिवेशनमा १२ जना सदस्य समिति रहेका छन्। उक्त समितिमा अध्यक्ष विनोद कुमार कठाए चयन भएका छन् भने उपाध्यक्षमा दिलिप कुमार जैसी चयन भएका छन्।



# प्युठानमा ६९ वर्षीय पुरुषको हत्या

**काठमाडौं–** प्युठानको गौमुखी गाउँपालिका-५ का ६९ वर्षीय चिन्तामणि उपाध्यायको हत्या भएको छ।

हत्या आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा गौमुखी गाउँपालिका-५ का ५१ वर्षीय लोकबहादुर गिरी र सोही ठाउँ बस्ने ५० वर्षीया जेदु कुमारी न्यौपाने छन्।

उनीहरुलाई जिल्ला प्रहरी कार्यालय प्युठानका डीएसपी दीपेश बस्याल नेतृत्वको टोलीले पक्राउ गरेको हो।

१८ माघको बिहान साढे ८ बजेतिर गौमुखी गाउँपालिका-५ उपल्लो फुर्सेधारास्थित खुङ्ग-नारिकोट जोड्ने

» बाकी ६ पृष्ठमा

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २४, २०८१ साल माघ २२ गते मंगलबार (Feb 4, 2025)

# बैंकबाट ६ महिनामा दुई खर्ब ६५ अर्ब ऋण लगानी



**काठमाडौं–** बैंक तथा वित्तीय संस्थाले चालु वर्ष ६ महिनामा २ खर्ब ६५ अर्ब ५६ करोड रुपैयाँ करक्जा लगानी गरेका छन् । बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा जाने कर्जा ५.२ प्रतिशतले बढेको हो ।

पोहोर ६ महिनामा बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लगानी ४ प्रतिशतले वृद्धि भएको थियो । पहिलो ६ महिनामा १ खर्ब ९२ अर्ब ६४ करोड रुपैयाँ कर्जा प्रवाह भएको थियो ।

वार्षिक बिन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.० प्रतिशतले बढेको छ ।

निजी क्षेत्रतर्फ वाणिज्य बैंकहरुबाट जाने कर्जा ५.३, विकास बैंकहरुको ४.४ र वित्त कम्पनीहरुको कर्जा प्रवाह ५.३ प्रतिशतले बढेको छ

बैंक तथा वित्तीय संस्थाको लगानीमध्ये चालु सम्पत्ति (कृषि तथा गैरकृषिजन्य वस्तु)को सुरक्षणमा १४.५ प्रतिशत र घरजग्गा धितो सुरक्षणमा ६४.९ प्रतिशत ऋण दिइएको हो ।

औद्योगिक उत्पादनतर्फ ८.४, निर्माणमा ७.७, यातायात, संचार तथा सार्वजनिक सेवामा ५.७ प्रतिशत, सेवा उद्योगमा ५.७, उपभोग्यतर्फ ५.८, थोक तथा खुद्रा व्यापारमा ४.८ र कृषि क्षेत्रमा ०.०२ प्रतिशतले कर्जा लगानी बढेको छ ।

आवधिक कर्जा ३.१, सेयर धितो कर्जा २६.३, आयात कर्जा ५६.६, हायर पर्चेज कर्जा ३.८, नगद प्रवाह कर्जा ४.७ र रियल इस्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ३.२ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ ।

चालु पुँजी कर्जा भने ९.८ प्रतिशतले घटेको छ ।

# "सम्पत्ति शुद्धीकरण राष्ट्रिय निवारण दिवस" को अवसरमा नेपाल एसबिआई बैंक

**काठमाडौं–** नेपाल एसबिआई बैंक लिमिटेडले "सम्पत्ति शुद्धीकरण राष्ट्रिय निवारण दिवस"को अवसरमा आफ्नो सबै कार्यालयका कर्मचारीहरूद्वारा सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी वा अन्य गैरकानुनी प्रयोजनका लागि दुरुपयोग हुनबाट बचाउन उच्चतम ShI- ऋँत प्रावधान ग्रहण एवं पालना गर्नको लागि प्रतिज्ञा गरेका छन् ।



नेपाल सरकारले माघ १४ लाई राष्ट्रिय सम्पत्ति शुद्धिकरण निवारण दिवसको रुपमा मनाउन घोषणा गरे अनुरुप बैंकले सो दिवस मनाएको हो । बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत, राम कुमार तिवारीले प्रधान कार्यालय, काठमाडौंमा सम्पुर्ण कर्मचारीहरुलाई एक कार्यक्रमका बिच प्रतिज्ञा गराउनुभएको थियो ।

उक्त कार्यक्रममा बैंकका नायब प्रमूख कार्यकारी अधिकृत तथा प्रमूख वित्तिय अधिकृत, राजेश कूमार पंडा, प्रमूख संचालन अधिकृत, विकास आनन्द, प्रमुख जोखिम तथा अनुपालन अधिकृत, विष्णुदेव यादव, प्रमुख कर्जा अधिकृत, अर्जुन नेपाल र अन्य वरिष्ठ पदाअधिकारीहरूको उपस्थिति रहेको थियो ।

सो अवसरमा बैंकका प्रदेश तथा शाखा कार्यालयका कर्मचारीहरुले समेत आ-आफ्ना कार्यालयहरुमा प्रतिज्ञा लिएका थिए ।

# अर्थतन्त्र सुधारको ठोस कार्यक्रम नल्याए संकट निम्तिने पूर्वका उद्योगीको चेतावनी

**विराटनगर–** कोशी प्रदेशका उद्योगीले अहिले आर्थिक संकुचन अन्त्यका लागि सरकारले ठोस कार्यक्रम नल्याए देश ठूलो संकटमा पर्ने चेतावनी दिएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको सातौं प्रदेश सभाको उदघाटन समारोहमा उद्योगीले आर्थिक शिथिलता अन्त्यका लागि सरकारलाई ठोस कार्यक्रम अघि बढाउन आग्रह गरे ।

महासंघका प्रदेश अध्यक्ष राजेन्द्र राउतले चालु आर्थिक वर्षको ६ महिनामा नेपालले कुल ८ खर्ब २१ अर्ब १६ करोडको वैदेशिक व्यापार गर्दा निर्यात ९८ अर्ब ७८ करोड ९२ लाख रुपैयाँमा सीमित हुनुले अर्थतन्त्र संकटोन्मुख रहेको पुष्टि भएको बताए ।

उनले हालै जारी अध्यादेशले आशा जगाएको भन्दै कार्यान्वयनमा जोड दिए । 'अहिले धेरै कानुन परिमार्जन गरेर अध्अयादेश ल्याइएको छ । यसलाई हामीले सकारात्मक रुपमा लिएका छौं । नतिजाका लागि संस्थागत संरचना र परिणाममुखी कार्यान्वयन आवश्यक छ', राउतले भने ।

समारोहमा महासंघका केन्द्रीय उपाध्यक्ष हेमराज ढकालले सरकारले पुँजीगत खर्च नबढाए आर्थिक वृद्धि हुन नसक्ने भन्दै अध्यादेश कार्यान्वयनमा ढिलाइ नगर्न




आग्रह गरे ।

महासंघ कोशी प्रदेशका पूर्वअध्यक्ष नरेन्द्र खड्काले तीन तहकै सरकारले कृषिमा आधारित उद्योग खोल्न प्रोत्साहित नगरे देश आर्थिकरूपमा अघि बढ्न नसक्ने बताए ।

महासंघको कोशी प्रदेशले सातौं प्रदेश सभाका अवसरमा आफ्नो भवन शिलान्यास गरेको छ । मोरङको बुढीगंगा गाउँपालिका-२ मा २ कट्ठा जमिनमा निर्माण गर्न लागिएको अढाई तले भवनको शिलान्यास गरिएको हो । भवनमा २०० र ५० जना अटाउने सभा हल पनि हुनेछन् ।

# महालक्ष्मी विकास बैंक र डोल्मा कन्सल्टेन्सी बीच सम्झौता

**काठमाडौं–** महालक्ष्मी विकास बैंक र डोल्मा कन्सल्टेन्सी लि.बीच कर्जा असुली सम्बन्धमा असुली परामर्शदाताको रुपमा कार्य गर्ने गरी तथा कर्जा असुली कार्यमा समेत सहजीकरण गर्ने गरी बैंकको केन्द्रिय कार्यालयमा एक कार्यक्रमका बीच सम्झौता भएको छ ।

बैंक र डोल्मा कन्सल्टेन्सी लि. बीच भएको सम्झौता पश्चात बैंकले ऋण असुली सम्बन्धी कानुनी परामर्श, तालिम र ऋण असुलीको लागि प्रयोग गरिने अन्तराष्ट्रिय स्तरको सफ्टवेयरको प्रयोग गर्न सक्नेछ ।

डोल्मा कन्सल्टेन्सीले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय बैंकहरुसंग बैङ्गिग सवलीकरण लागी सहकार्य गर्दै आएको छ । अनुभवी स्वदेशी तथा विदेशी विज्ञहरुद्वारा सञ्चालित डोल्मा कन्सल्टेन्सीसँगको सहकार्यले खराब कर्जा असुली प्रणाली सुदृढ बनाउन तथा खराब कर्जा व्यवस्थापन गर्न बैंकलाई र कर्जा ग्राहकलाई थप सहज हुने विश्वास लिईएको छ ।

बैंकले हालै ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको




निति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै "महालक्ष्मी स्मार्ट साथी" सञ्चालनमा ल्याएको छ ।

# ३० करोड लगानीमा बागलुङमा आइएमई ग्रुपको इला कम्फोर्ट होटल

**बागलुङ–** ३० करोड लगानी गरेर आइएमई ग्रुपले बागलुङमा इला कम्फोर्ट लक्जरी खोलेको छ । होटलले कालीगण्डकी करिडोर तथा मध्यपहाडी लोकमार्ग हुँदै गण्डकी क्षेत्र तथा बागलुङका पर्यटकीयस्थल भ्रमण गर्ने पर्यटक तथा अन्य पाहुनाका लागि गुणस्तरीय सेवा उपलब्ध गराउने कम्पनीले जनाएको छ ।

बागलुङको इला कम्फोर्ट यो समूहको चौथो होटल हो । समूहको लगानीमा चन्द्रागिरिमा चन्द्रागिरि हिल्स, लाजिम्पाटमा ले हिमालय, पोखरामा लेक साइड रिट्रिट होटल छ । यो समूहले मौलाकालिका केबलकारको टप स्टेसनमा होटल निर्माण अन्तिम चरणमा पुर्‍याएको छ ।




संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले शनिबार बागलुङमा आयोजित समारोहमा होटलको उद्घाटन गरेका छन् । समारोहलाई सम्बोधन गर्दै उनले आइएमई ग्रुपले पर्यटन पूर्वाधारका क्षेत्रमा गरेको लगानीले मुलुककै पर्यटन उद्योगमा सकारात्मक प्रभाव पारेको बताए । मुलुकको आर्थिक समृद्धिको भविष्य पर्यटनमै रहेको र यसको प्रवर्धन गर्न सरकार दृढ रहेको उनले उल्लेख गरे ।

उक्त अवसरमा गण्डकी प्रदेश सरकारका मन्त्री कृष्ण पाठकले आइएमई समूहले मुलुकभर पर्यटन पूर्वाधार विकासमा गरेको लगानीको चर्चा गर्दै गण्डकी प्रदेशमा थप लगानीका लागि आह्वान गरे । उनले भने 'अध्यक्ष ढकालले मुलुकका सातवटै प्रदेशसहित विभिन्न ठाउँमा पर्यटन पूर्वाधार विकासमा लगानी गर्दै हुनुहुन्छ । कुनै कुनै ठाउँमा केही अवरोध भएको सुनिएको छ । यदि त्यस्तो हो भने तपाई आफ्नो लगानी लिएर हाम्रो गण्डकी प्रदेशमा आउनुस् । हामी गण्डकीका जनता थप पर्यटकीय पूर्वाधार निर्माण गर्न तपाईलाई स्वागत गर्दछौं ।'

सो अवसरमा आइएमई ग्रुपका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बागलुङमा सञ्चालनमा ल्याएको होटलले यस क्षेत्रको पर्यटन विकासमा योगदान पुग्ने विश्वास व्यक्त गरे । साथै उनले मुलुकभित्र लगानी र रोजगारीको वातावरण नहुँदा विदेशिन बाध्य भएका लाखौं नेपालीको भावनालाई समेटेर आफूले मुलुकका सातवटै प्रदेशमा होटल तथा केवलकारसहितका पर्यटकीय पूर्वाधारमा लगानी केन्द्रित गरेको बताए ।

'पर्यटन र जलविद्युत क्षेत्रमा भएको लगानीले अर्थतन्त्र तथा नागरिकको जीवनस्तर सुधारमा बहुआयामिक फाइदा पुर्‍याउने भएकोले हामीले यी क्षेत्रमा लगानी केन्द्रित गरेका हौं,' उनले भने । शनिबार उद्घाटन भएको होटलले पर्यटक तथा अन्य पाहुनाहरूका लागि स्तरीय सेवासुविधा उपलब्ध गराउने र यसबाट कालीगण्डकी करिडोरमार्फत भारतको सुनौली तथा चीनसँगको कोरला नाका हुँदै नेपाल भ्रमण गर्ने भारत तथा चीनका पर्यटकको संख्यामा पनि उल्लेख्य वृद्धि भई बागलुङ तथा समग्र कालीगण्डकी क्षेत्रको पर्यटकीय, आर्थिक तथा सांस्कृतिक विकासमा थप योगदान पुग्ने पनि उनले बताए ।

कार्यक्रममा संघीय सांसदहरु दीपक गिरी, जीवन परियार, बागलुङ नगरपालिकाका प्रमुख वसन्त श्रेष्ठ र बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष नरेश कँडेलले बागलुङमा होटल सञ्चालनले यहाँको पर्यटन पूर्वाधारमा टेवा पुगेको बताउँदै थप

» बाकी ६ पृष्ठमा

# मर्सिडिज बेन्जको आधिकारिक बिक्रेता बन्यो विशाल ग्रुप, यस्तो थियो प्रतिस्पर्धा




**काठमाडौं–** लामो रस्साकस्सीपछि विशाल ग्रुप जर्मन लक्जरी कार निर्माता मर्सिडिज बेन्जको आधिकारिक बिक्रेता बनेको छ ।

मर्सिडिजको बिक्रेता बन्न अर्को व्यवसायिक घराना शंकर ग्रुप प्रतिस्पर्धामा थियो । शंकर ग्रुपलाई प्रतिस्पर्धामा पछि पार्दै विशाल ग्रुपले आधिकारिक बिक्रेता पाएको हो । मर्सिडिजको बिक्रेता बन्न यी दुई समूह तीन वर्षदेखि दौडमा थिए । उच्च घरानाहरुको रोजाइमा रहेकाले मर्सिडिजमा व्यावसायिक घरानाको आँखा परेको थियो ।

मर्सिडिजको आधिकारिक बिक्रेता लिन शंकर ग्रुपले पुरानो बिक्रेता दीपक गौतम एण्ड कम्पनीसँग सेयर खरिदका लागि नेगोसिएसन समेत गरेको थियो ।

स्रोतका अनुसार शंकर ग्रुपले सेयर खरिद लगायत प्रक्रिया अगाडि बढाउँदा बढाउँदै मर्सिडिजले बिक्रेता टर्मिनेटे गरेको थियो । दीपक गौतम एण्ड कम्पनीले मर्सिडिजको बिक्री वितरण राम्रोसँग नगरेकोले ठूलो आर्थिक नोक्सानी देखिएको थियो ।

मुलुकका धनाढ्य व्यापारीको लगानी रहेको त्यो कम्पनी राम्रोसँग नहेरिएकाले ३० करोड रुपैयाँभन्दा बढी आउटस्ट्यान्डिङ देखिएको थियो ।

गाडी खरिद बिक्रीको हिसाबकिताब राम्रोसँग नहुँदा नोक्सानी बढ्दै गएपछि नयाँ साझेदार भित्र्याउन खोजिएको थियो । त्यही आधारमा शंकर ग्रुप दीपक गौतम एण्ड कम्पनीमा भित्रिन खोजेको हो । स्रोतका अनुसार शंकर ग्रुपले मर्सिडिज बेन्जलाई सुरुमै १०० वटा गाडी बेच्ने प्लान समेत बुझाएको थियो ।

शंकर ग्रुपले मर्सिडिज भित्र्याउनका लागि अर्को एक घरानासँग साझेदारीको प्रस्ताव गरेको थियो । तर, साथ पाएन । त्यसपछि शंकर समूह र विशाल समूह आधिकारिक बिक्रेताको दौडमा लागेका थिए ।

शंकर ग्रुपका प्रबन्ध निर्देशक साहिल अग्रवालले विशाल समूह मर्सिडिज बेन्जको आधिकारिक बिक्रेता नियुक्त भएको जानकारी दिए ।

मर्सिडिज बेन्जका लक्जरी कार दुई दशक अघिदेखि नेपाली बजारमा आधिकारिक रुपमा बिक्री हुँदै आएका थिए । तर, ७ वर्षअघि दीपक गौतम एण्ड कम्पनीलाई आधिकारिक बिक्रेताबाट हटाइएको थियो ।

कम्पनीले वर्ल्ड क्लास शोरुम र सर्भिस सेन्टर नभएको भन्दै उत्पादक कम्पनीले आधिकारिक बिक्रेता नवीकरण गर्न अस्वीकार गरेको थियो । विशाल ग्रुपले अहिले मज्दा, एमजी लगायत ९ वटा गाडी ब्रान्ड नेपाली बजारमा बिक्री गरिरहेको छ ।

# गरिमा विकास बैंकका ग्राहकलाई वात्सल्य नेचुरल आईभिएफ प्रा.लि.द्वारा विशेष छुट

**काठमाडौं–** गरिमा विकास बैंक लिमिटेड र वात्सल्य नेचुरल आईभिएफ प्रा. लि. बिच क्ष्ँ (क्ष्ल ख्ष्तचय ँभचतषष्शिबतष्यल) उपचार पद्धतिमा आकर्षक छुट प्रदान गर्ने सम्बन्धमा सम्झौता सम्पन्न भएको छ ।

गरिमा विकास बैंक लिमिटेडको तर्फबाट लाजिम्पाट क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रबन्धक रमेश रिजाल र वात्सल्य नेचुरल आईभिएफको तर्फबाट डिजिटल तथा मिडिया म्यानेजर नविन विष्टले उक्त छुट सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको हो ।

पछिल्लो समयमा मानवीय जीवनशैलीमा आएको परिवर्तन, तनाव, खानपिन एवं बढ्दो उमेरले युवा पुस्ताहरुमा बृद्धि हुँदै गईरहेको निसन्तानपनको उपचारका लागि नेपालमा लामो समय देखि ख्याती प्राप्त वात्सल्य नेचुरल आईभिएफसँग

» बाकी ६ पृष्ठमा

# खेलकुद

## वानडे एकेडेमी र फरइभर विजयी




काठमाडौं – प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितालाई भइरहेको काठमाडौं जिल्ला छनोटमा सोमबार वानडे क्रिकेट एकेडेमी र फरइभर क्रिकेट ब्वाइज क्लब विजयी भएका छन् । वानडेले हिमालयन क्रिकेट एकेडेमी ‘बी’ लाई ५७ रन र फरइभरले नेक्सस क्रिकेट एकेडेमीलाई ५ विकेटले हराए ।

विश्वास खत्रीले २६ बलमा २९, नीरज ओलीले ३० बलमा २५ र भूपेश्वर महतोले १८ बलमा १३ रन बनाएपछि वानडेले मूलपानीस्थित माथिल्लो क्रिकेट मैदानमा निर्धारित २० ओभरमा ९ विकेट गुमाई १ सय २३ रन बनाएको थियो । हिमालयनका सुमन विश्वकर्माले ११ रन खर्चेर ४ र आदित्य थापाले २४ रन खर्चेर २ विकेट लिए ।

जवाफमा हिमालयन १३ ओभरमा ६६ रनमा अलआउट भयो । अभिषेक बुढाऐरले ३६ बलमा ३० रन बनाउनुबाहेक अन्यले दोहोरो स्कोर बनाउन सकेनन् । नवीनकुमार जोशीले १६ बलमा ९ रन बनाए । वानडेका मणि गैरेले १३ रन खर्चेर ५, विकल्प थापाले १३ रन खर्चेर २ र भूपेश्वरले १ विकेट लिए ।

अर्को खेलमा नेक्ससले ७ विकेट गुमाई १ सय ११ रन बनायो । मोहम्मद दिलसाद आलमले ६१ बलमा अविजित ६३ रन बनाए । अनिलकुमार यादवले १६ र कासिफ समादले १० रन बनाए । फरइभरका अजय नकर्मी र पंकज पन्तले २-२ तथा लक्ष्मण कार्कीले १ विकेट लिए । जतिन थापाले अविजित २७, अजयले २१ र कृष्ण भट्टले अविजित १२ रन बनाएपछि फरइभरले १७.३ ओभरमा लक्ष्य पूरा गरेको थियो । नेक्ससका विप्लव फुयालले २ तथा सुरज राई र सुयोग दाहालले १-१ विकेट लिए ।

## एपीएफ र पुलिस स्कुल विजयी

काठमाडौं – दोस्रो अन्तर विद्यालय सशस्त्र प्रहरी महानिरीक्षक रनिङ ट्रफी फुटबल प्रतियोगितामा सोमबार नेपाल एपीएफ स्कुल कीर्तिपुर ‘बी’ र नेपाल पुलिस स्कुल, साँगा विजयी भएका छन् ।

घरेलु भूमिमा एपीएफ स्कुलले राराहिल मेमोरियल स्कुल कीर्तिपुरलाई ४-१ ले हरायो । एपीएफबाट मिसन केसी, सौभाग्य बुढाथोकी, उत्सव खड्का र सुवायु श्रेष्ठले १-१ गोल गरे ।

दोस्रो खेलमा पुलिस स्कुलले बाघभौरव सेकेन्डरी स्कुललाई ४-० गोलले पराजित गर्‍यो




। विजेताका रोनी वीरविक्रम शाहले २, प्रिन्स पौडेलले १ गोल गरे । एक गोल आत्मघाती थियो ।

# पछिल्लो समयका व्यस्था मोड्ल तथा निर्देशक बिशाल नेपाली



काठमाडौं - पछिल्लो समय नेपाली साङ्गीतिक क्षेत्रमा चर्चा बटुल्न सफल निर्देशक तथा कोरियोग्राफर बिशाल नेपाली कलाकारिता क्षेत्रका एक उदारणीय व्यति हुन् उनले निर्देशन गरेका दर्जनौ गीतहरु निकै लोकप्रियछन् भने उनले निर्देशन गरेका कति गीतले नेपाली सागीतिक क्षेत्रमा इतिहास समेत रचन सफल भएकाछन् । बिशाल नेपाली, जसले आफ्नो कोरियोग्राफी र निर्देशनमा विशेष पहिचान बनाएका छन्, अहिले नेपाली म्युजिक इन्डस्ट्रीका सबैले चिन्ने प्रमुख नाम बनाएका छन् ।

बिशाल नेपालीको जन्म दाङ जिल्लामा माता गोमा नेपाली र पिता घनश्याम नेपालीको कोखबाट भएको हो । आज उनी नेपाली कला र साङ्गीतिक जगतका चर्चित र लोकप्रिय निर्देशक तथा कोरियोग्राफरका रूपमा परिचित छन् । उनलेनेपालीकलाकारिता क्षेत्रमा आफ्नो छुट्टै पहिचान समेत बनाएका छन् ।

लामो समयदेखि म्युजिक भिडियोमा निर्देशनरकोरियोग्राफी गर्दै आएका बिशाल नेपालीले आफ्नो कला यात्रा विभिन्न स्टेज शोबाट सुरु गरेका थिए लामो समय कलाकारिता क्षेत्रको संघर्षपछि उनले सफलता पनि प्राप्त गरे अहिले उनले निर्देशन गरेका , बालेन साह जस्तो पाए पोहिला गइदिन्थे, रुनै जन्मेको रै छु , दुई कदम, सोझ्री केटी, अच्मै, गास्ने मन छ पिरती,जाउ डाँढा काटी रेलैमा,कसम सानु, दुर्गेश थापाको अभिनय रहेको देउसी भैलो लगायत दर्जनौ गीतहरु निकै लोकप्रिय रहेकाछन् ।

सस्तो बजेटमा उच्च गुणस्तरको काम गर्न सक्ने बिशाल नेपाली पछिल्लो समयका बहुचर्चित निर्देशकको रुपमा चिनिन्छन् । उनले नेपालका विभिन्न चर्चित कलाकारसँग सहकार्य गर्दै आफ्नो कामलाई अझ भरिपूर्ण बनाएका छन् । यसका साथै, उनी आफू पनि केही म्युजिक भिडियोहरूमा अभिनय गर्दै आफ्नो बहुआयामिक क्षमताको प्रदर्शन गर्दै आएका छन् ।

उनको कलाकारिता यात्रा लामो संघर्ष र कडा मिहिनेतका साथ शुरु भएको थियो । बिशाल नेपालीले केवल आफ्नो निर्देशनको माध्यमबाट नै पहिचान बनाएका छैनन्, उनी एक कुशल कोरियोग्राफर पनि हुन् जसले कलाकारहरूको प्रस्तुतीलाई एक नयाँ र आकर्षक रूप दिन सफल भएका छन् ।

उनीसँग काम गरेका धेरै नेपाली कलाकारहरूले उनलाई आफ्नो क्षेत्रका एक प्रेरणास्त्रोतका रूपमा लिन्छन् । बिशालले नेपाली म्युजिक उद्योगमा काम गर्ने सबैको पेशागत स्तरलाई माथि पुर्याएका छन् ।

उनको निर्देशन र कोरियोग्राफीले नेपाली म्युजिक उद्योगलाई अमूल्य योग्दान पुऱ्याएको छ । आधुनिक लोक, पअप सबै बिधाका गीतमा काम गर्दे आएका नेपालीले आफूलाई एक कुशल निर्देशक र कोरियोग्राफरको रूपमा स्थापित गरेका छन् । उनले आफूलाई विभिन्न चुनौतीहरूको सामना गर्दै यो स्थानमा पुर्याएका छन्, र अहिले पनि बेलाबेलामा विभिन्न साङ्गीतिक कार्यक्रममा आफ्नो सिर्जना र प्रदर्शनका लागि देखिन्छन् ।

बिगत १५- २० बर्षदेखि नेपाली सागीतिक क्षेत्रमा अमूल्य योग्दान दिर्दै आएका बिशाल नेपाली म्युजिक इन्डस्ट्रीको एक अविस्मरणीय नामका रूपमा उभिएका छन् र आफ्नो साङ्गीतिक कार्यक्षेत्रमा निरन्तर नयां उचाइमा पुर्याउनका लागि कडा मिहिनेत गर्दैछन् ।

# गण्डकीमा ४ अर्बभन्दा बढीको सुन्तला उत्पादन

गण्डकी- गण्डकी प्रदेशमा यस वर्ष रु चार अर्ब १७ करोड २७ लाख बराबरको सुन्तला उत्पादन भएको छ । कृषि विकास निर्देशनालयको प्रारम्भिक आँकडा अनुसार ६६ हजार पाँच सय ७८ मेट्रिक टन सुन्तला उत्पादन भएको हो ।

प्रदेशका नौ जिल्लामा पाँच हजार सात सय तीन हेक्टरमा सुन्तला उत्पादन भएको निर्देशनालयका कृषि अर्थ विज्ञ मनोज पौडेलले जानकारी दिए ।

‘किसानले पाउने प्रतिकिलो सुन्तलाको औसत मूल्यका आधारमा यो वर्ष चार अर्बभन्दा बढीको सुन्तला उत्पादन भएको छ’, उनले भने, ‘सबैभन्दा बढी स्याङ्जामा रु एक अर्ब ७१ करोड ६३ लाख ९० हजार बराबरको सुन्तला फलेको छ ।’

कृषि अर्थ विज्ञ पौडेलका अनुसार तनहुँमा रु ६४ करोड २० लाख, गोरखामा रु ४० करोड २० पर्वतमा रु ३८ करोड ३६ लाख, म्याग्दीमा रु ३४ करोड २१ लाख, बागलुङमा रु २६ करोड ४६ लाख, कास्कीमा रु २५ करोड ९६ लाख, नवलपुरमा रु १३ करोड ३९ लाख र लमजुङमा रु तीन करोड बराबरको सुन्तला उत्पादन भएको हो ।

यस वर्ष स्याङ्जामा १९ सय ५० हेक्टर, तनहुँमा नौ सय ६८ हेक्टर, गोरखामा सात सय ४६ हेक्टर, पर्वतमा चार सय ६५ हेक्टर, म्याग्दीमा चार सय २५ हेक्टर, बागलुङमा तीन सय ७७ हेक्टर, कास्कीमा पाँच सय ४१ हेक्टर, एक सय ६१ हेक्टर र लमजुङमा ८० हेक्टर क्षेत्रफलमा सुन्तला उत्पादन भएको हो ।

यसवर्ष ११ प्रतिशतले सुन्तला उत्पादन वृद्धि भएको निर्देशनालयले जनाएको छ । दुई वर्षअघि ५० हजार आठ सय ५० मेट्रिक टन सुन्तला उत्पादन भएकामा यो वर्ष बढेर ६६ हजार पाँच सय ७८ मेट्रिक टन सुन्तला उत्पादन भएको हो ।

बर्सेनि सुन्तलाखेतीको क्षेत्रफल विस्तार पनि भइहेको छ । देशमै सबैभन्दा धेरै सुन्तलाखेती हुने स्याङ्जाले बर्सेनि उत्पादनको ठूलो हिस्सा ओगट्छ । गण्डकीमा मुस्ताङ र मनाङ जिल्लामा भने सुन्तलाखेती हुँदैन ।



किसानले पाउने प्रतिकिलो सुन्तलाको औसत मूल्य रु ६७ का आधारमा उत्पादनको कुल मूल्य निर्धारण गरिएको कृषि अर्थ विज्ञ पौडेलले जानकारी दिए । सुरुमा केही कम मूल्य परेपनि पछिसम्म बोट र चिस्यान केन्द्रमा राखेर बेच्ने किसानले सुन्तलाको भाउ बढाउँदै लैजान्छन् ।

जिल्लागत रुपमा पनि सुन्तलाको औसत मूल्य फरक-फरक रहेको छ । किसानको बगैंचाबाट बजारमा आएपछि पाउने बिक्री मूल्यको त लेखाजोखा नै नहुने निर्देशनालयले जनाएको छ । जिल्लाहरुले पठाएको प्रतिवेदन र आँकडा विश्लेषण गरेर प्रदेशभरिको उत्पादन सार्वजनिक गर्ने गरिएको हो ।

नयाँ बोटले फल दिन थाल्नु, उत्पादन क्षेत्र विस्तार, बगैंचाको सही व्यवस्थापन जस्ता कारणले सुन्तला उत्पादनमा बर्सेनि वृद्धि हुँदै आएको निर्देशनालयले जनाएको छ ।

मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा गरी कुल आठ हजार पाँच सय १६ हेक्टरमा सुन्तलाखेतीले ओगटेको छ । रोगकिराको प्रकोप, कलमी बिरुवाको अभाव, बगैंचा व्यवस्थापन, सुन्तला टिप्नेदेखि, सुरक्षित भण्डारण र ढुवानी, बजारको अभाव जस्ता समस्या सुन्तला किसानले बेहोर्दै आएका छन् । बोट सुकेर मर्ने रोग, औंशे किरालगायतले पनि सुन्तलाखेतीमा क्षति पुऱ्याउने गरेको छ ।

सुन्तलाखेती विस्तार र व्यवसायीकरणका लागि सुन्तला ‘सुपर जोन’, ‘जोन’, ‘पकेट’ र ‘ब्लक’ कार्यक्रम सञ्चालित छन् । बागलुङ, पर्वत र म्याग्दीका केही स्थानीय तहलाई समेटेर सुन्तला ‘जोन’ बनाइएको छ । ‘सुन्तला जोन’मा बागलुङको बिहुँ, सिगाना, पर्वतको बाँसखर्क, सालिजा, लेखफाँट, म्याग्दीको बास्कुनालगायतका गाउँ पर्छन् ।

स्याङ्जामा सुन्तला ‘सुपरजोन’ कार्यक्रम लागू भइरहेको छ । सुरुमा केही स्थानीय तहका सीमित वडामा मात्र सञ्चालन गरिएको उक्त कार्यक्रमलाई पछि जिल्लाभर विस्तार गरिएको हो ।

स्याङ्जाका करेनडाँडा, जैसीडाँडा, राङ्खोला, अर्जुनचौपारीलगायत गाउँ सुन्तलाखेतीका लागि बढी चिनिन्छन् । तनहुँको म्याग्दे गाउँपालिका, गोरखाको सहिद लखन गाउँपालिकामा पनि सुन्तला उत्पादन राम्रो हुन्छ । यहाँ उत्पादित सुन्तला पोखरालगायत प्रदेशभित्रैका सहरी क्षेत्रमा बढी खपत हुन्छ । व्यापारीले नारायणगढ, काठमाडौंलगायत ठाउँमा पनि बिक्रीका लागि पुऱ्याउँछन् ।

पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कका अगुवा सुन्तला किसान मेखबहादुर खत्रीका अनुसार यो वर्ष बाँसखर्कमा मात्र रु. १८ करोड ४४ लाख ४७ हजारको सुन्तला उत्पादन भयो ।

त्यहाँ १५ सय रोपनी जमिनमा सुन्तलाखेती गरिएकामा फल दिने बोट २६ हजार सात सय छ र हुर्कदैं गरेका बोटको सङ्ख्या २४ हजार चार सय ४५ रहेको उनले बताए ।

कुल ५१ हजार एक सय ५१ बोट रहेकामा सबै बोटले फल दिँदा केही वर्षमा उत्पादन दोब्बर बढेर झण्डै रु ४० करोड हाराहारी पुग्ने अनुमान गरिएको छ । अगुवा कृषक जतबहादुर खत्रीको बगानमा वर्षमा रु ३५ लाख बराबरको सुन्तला फल्ने गरेको छ । उनले २५ रोपनी जमिनमा सुन्तलाखेती गर्दै आएका छन् ।

अगुवा किसान शान्तबहादुर छिन्तेलले वार्षिक रु २३ लाख र हेमबहादुर अर्मजाले रु १९ लाख बराबरको सुन्तला उत्पादन गर्दै आएका छन् । तेजबहादुर खत्री र नरबहादुर पाइजाले सुन्तलाको नर्सरी सञ्चालन गर्दै आएका छन् ।

‘व्यवासायिक सुन्तलाखेतीले बाँसखर्कका किसानको जीवनस्तर नै बदलिएको छ, सुन्तला बेचेर वर्षको पाँच लाखदेखि रु ४० लाखसम्म कमाउने किसान यहाँ हुनुहुन्छ’, अगुवा किसान मेखबहादुर खत्रीले भने । बाँसखर्कको सुन्तला पोखरा, मुग्लिन, नारायणगण, काठमाडौंलगायत ठाउँमा जाने गरेको उनको भनाइ छ ।

उनका अनुसार जलजला-१ को मालगाउँ र घुमाउने तालको केही ठाउँबाहेक बाँसखर्कको अधिकांश क्षेत्रमा सुन्तलाखेती हुँदै आएको छ । विसं १९९७/९८ तिर बाँसखर्कको बजारमारे र वीरमारेमा केही सुन्तलाका बोट देखिएको र त्यसपछि समयक्रममा सुन्तलाखेती विस्तार हुँदै आएको उनले बताए ।

विसं २०२८ मा कृषि विकास बैङ्कले सुन्तलाखेती गर्ने किसानलाई ऋण दिन थालेपछि बाँसखर्कमा सुन्तलाखेती सुरु भएको गाउँका अगुवा किसान बताउँछन् ।

पोखरासम्म सडक पहुँच विस्तार भएपछि विसं २०५२/५३ देखि बाँसखर्कका किसानले व्यावसायिक रुपमा सुन्तलाखेती सुरु गरेका हुन् । दुई सय ३९ घुरधुरी रहेको बाँसखर्कका अधिकांश किसान सुन्तलाखेतीमा आबद्ध छन् । किसानले सुन्तलाखेतीको विकल्प देख्न छाडिसकेका छन् ।

गण्डकी प्रदेश सरकारका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री पद्ममा जिसी श्रेष्ठले सुन्तलाको पकेट क्षेत्र विस्तारका लागि प्रदेश सरकारले सहयोग गर्दै आएको बताए । ‘सरकारले सुन्तलाखेती गर्ने किसानलाई सीप र प्रविधि हस्तान्तरणमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने योजना ल्याएको छ’, उनले भने ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २४, २०८१ साल माघ २२ गते मंगलबार (Feb 4, 2025)

पृष्ठ १ बाट जारी

### मेहेनत गरे के हुँदैन...

हेक्टरमा ९१ मेट्रिक टन सुन्तला उत्पादन भएको छ ।

जिल्लामा सुन्तला उत्पादनका लागि एक हजार एक सय ९६ हेक्टर क्षेत्रफल रहे ता पनि एक हजार एक सय ३० हेक्टर क्षेत्रफल उत्पादनशील क्षेत्र हो । जिल्लाका दश पालिकामध्ये छवटा पालिकामा व्यावसायिक हिसावले सुन्तला हुने गरेको छ । अन्नबालीको तुलनामा सुन्तलाबाट राम्रो आम्दानी हुन थालेपछि यहाँका किसानले व्यावसायिक उत्पादनमा जोड दिएका छन् ।

सुन्तलाको लागि नेपालका थुप्रै जिल्लाहरु प्रख्यात छन् । तर पाल्पा जिल्लामा पाल्पाली ढाका टोपी उत्कृष्ट उत्पादन गर्ने जिल्लाको रुपमा पनि परिचित छ । त्यसैगरी सुन्तला फलाउन र पनि त्यस्तै कार्य गरेर उदाहरण पेश गरेका छन् ।

पृष्ठ १ बाट जारी

### अलैंची उत्पादन...

त्यस वर्ष ३८ मेट्रिक टन उत्पादन भएको थियो । अलैंचीको फेद कुहिने, पात-डाँठ सुक्ने रोगको सङ्क्रमण भएपछि उत्पादन घटेको कृषक सापकोटाले बताए ।

चालु आर्थिक वर्षमा पनि कृषकले कात्तिक महिनामै अलैंची बेचिसकेका पनि कतिको कारोबार भयो भनेर यकिन तथ्याङ्क सङ्कलनको काम भइरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । बाली संरक्षण अधिकृत तथा ज्ञान केन्द्रका सूचना अधिकारी सन्तोष अधिकारीले हाल जिल्लाको १४० हेक्टर जमिनमा अलैंचीखेती विस्तार भएको र जसमध्ये ९६ हेक्टरमा लगाएको अलैंचीले उत्पादन दिन थालेको जानकारी दिए ।

बागलुङका १० स्थानीय तहमध्ये आठ स्थानीय तहलाई समेटेर 'अलैंचीजोन' निर्माण गरिएको छ । चालु आर्थिक वर्षमा जोन स्थापनाको कार्यक्रम स्वीकृत भएर कार्यान्वयन प्रारम्भ भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ बागलुङका निमित्त वरिष्ठ कृषि अधिकृत नारायण पौडेलले बताए । १२ अलैंची पकेट क्षेत्र र दुईवटा अलैंची ब्लकलाई समेटेर जोन स्थापना गरिएको उनले जानकारी दिए ।

यहाँको ताराखोला काठेखोला, बडिगाड गाउँपालिका, बरेङ र निसीखोला गाउँपालिका तथा बागलुङ, जैमिनी र गलकोट नगरपालिकाका विभिन्न स्थानमा अलैंची उत्पादन हुँदै आएको सूचना अधिकारी पौडेलले बताए ।

अलैंचीखेतीको राम्रो व्यवस्थापन गर्न सके एकपटक रोपेपछि १० वर्षसम्म पनि उत्पादन दिने गरेको छ । कृषकले उत्पादन गरेको अलैंची गुणस्तर विभाजन गरेर फरक फरक मूल्यमा बिक्री गर्ने गरिएको छ ।

पृष्ठ ३ बाट जारी

### सातौं संस्करण...

कच्ची भित्री सडकमा उपाध्याय मृत अवस्थामा फेला परेका थिए ।

मृत भेटिएको जानकारी पाउनासाथ जिल्ला प्रहरी कार्यालय प्युठानबाट डीएसपी बस्यालसहितको टोली घटनास्थल गएको थियो ।

उपाध्यायको टाउको, अनुहार, नाक, मुखमा समेत गहिरो चोट देखिएपछि हत्याको आशंकामा अनुसन्धान अघि बढाउँदा २४ घण्टा नबित्दै हत्या आरोपितलाई पक्राउ गर्न सफल भएको डीएसपी बस्यालले जानकारी दिनु भयो ।

अनुसन्धानका क्रममा गाउँकै लोकबहादुर र जेदु कुमारीले योजना बनाएर हत्या गरेको खुलेको प्रहरीका भनाइ छ ।

फोनमार्फत जेदु कुमारीले उपाध्यायलाई बोलाएको र त्यसपछि दुई जना मिलेर हत्या गरेको पाइयो' स्रोतले भन्यो, 'उपाध्यायलाई उनीहरुले ढुंगा र बन्दुकको बटले हानेर हत्या गरेको खुलेको छ ।'

घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पृष्ठ ४ बाट जारी

### इला कम्फोर्ट होटल...

लगानीका लागि आह्वान गरे ।

होटलले बागलुङमा स्तरीय आवासको लागि नयाँ मानक स्थापित गर्ने विश्वास लिइएको कम्पनीले जनाएको छ । करिब ४ रोपनी जग्गामा फैलिएको इला कम्फोर्ट बागलुङमा २७ अतिथि कक्ष, दुई सुन्दर सुइटहरू र एक विशेष पेन्ट हाउससहित ३० वटा आकर्षक ढंगले डिजाइन गरिएका कोठाहरू छन् ।

प्रत्येक आवासलाई परम्परागत आतिथ्यभन्दा नयाँ ढंगले असाधारण अनुभव महसुस हुने गरी तयार पारिएको जनाइएको छ । इला होटल तथा रिसोर्टका प्रमुख सचिन ढकालले इला होटल्स एण्ड रिसोर्ट केवल नयाँ आतिथ्य ब्रान्ड मात्र नभएर यसले बागलुङ बसाइलाई अविस्मरणीय अनुभवहरूमा रूपान्तरण गर्ने बताएका छन् ।

उनले भने, 'इला कम्फर्ट बागलुङमा, हामी केवल कोठाहरू प्रदान गर्दैनौं हामी हाम्रा पाहुनाहरूलाई उनीहरूको प्रस्थानपछि पनि लामो समयसम्म सम्झन लायक क्षणहरू सिर्जना गर्न छौं ।'

पोखरा विमानस्थलबाट केवल १.५ घण्टाको दूरीमा अवस्थित, पोखरा र बागलुङबीच प्रत्येक ३० मिनेटमा नियमित सार्वजनिक यातायात चल्ने भएकोले होटल आन्तरिक र अन्तर्राष्ट्रिय यात्रुहरूको लागि सुविधाजनक पहुँचमा छ । इला कम्फर्ट बागलुङले आइएमई समूहको इला ब्राण्डको होटल विस्तार रणनीतिको पहिलो चरणको प्रतिनिधित्व गरेको छ । नवलपरासीको गैंडाकोटमा इला होटल सुरु गर्ने तयारी भइरहेको छ भने सातै प्रदेशहरूमा सेवा विस्तार गर्ने योजना छ ।

## अन्तराष्ट्रिय

# ट्रम्पको चेतावनीपछि पनामाले बीआरआई नवीकरण नगर्ने



**पनामा सिटी –** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चेतावनीपछि पनामाले चीनको बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) मा आफ्नो सहभागिता नवीकरण नगर्ने भएको छ । पनामाका राष्ट्रपति जोसे राउल मुलिनोले अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँगको भेटपछि बीआरआईबाट अलग हुने घोषणा गरेका हुन् ।

योसँगै चिनियाँ पूर्वाधार पहलबाट पछि हट्ने पहिलो ल्याटिन अमेरिकी देश हुनेछ । मुलिनोले आगामी एक/दुई वर्षभित्र सम्झौता नवीकरण गर्ने तयारी भइरहेको भएपनि त्यसलाई पहिले नै खारेज गर्ने सम्भावना भएको जनाएका छन् । 'हामी यसलाई चाँडै समाप्त गर्ने सम्भावनाबारे अध्ययन गर्नेछौं,' उनले भनेका छन् ।

पनामा सन् २०१७ मा बीआरआईमा सहभागी भएको थियो । सन् २०१७ मा पूर्वराष्ट्रपति जुआन कार्लोस भेरेलाको शासनकालमा पनामाले पूर्वाधारमा चिनियाँ लगानी बढाउने सम्झौता गरेको थियो । पनामा नहरमा चीनको उपस्थितिबारे अमेरिकी चिन्ताबीचमा पनामाको नयाँ निर्णय सार्वजनिक भएको हो । पनामा नहर क्षेत्रमा चीनको उपस्थितिलाई लिएर अमेरिकी चिन्ता बढ्दै गएपछि पनामाको निर्णय आएको हो ।

मुलिनोसँगको छलफलपछि रुबियोले वासिङटनको अडानलाई जोड दिँदै भने, 'अमेरिकाले चिनियाँ कम्युनिष्ट पार्टीलाई पानामा नहर क्षेत्रमा आफ्नो प्रभावकारी र बढ्दो नियन्त्रण जारी राख्न अनुमति दिन सक्दैन र दिनेछैन ।'

हङकङस्थित फर्म सीके हचिसन होल्डिङ्सले २०२१ मा नवीकरण गरिएको २५ वर्षको सहुलियत अन्तर्गत नहरको दुवै छेउमा दुईवटा प्रमुख बन्दरगाह सञ्चालन गर्दै आएको छ । अमेरिकी अधिकारीहरूले नहरनजिक चीनको नियन्त्रणमा पूर्वाधार निर्माण हुनसक्ने र यसले रणनीतिक खतरा निम्त्याउने बताउँदै आएका छन् ।

'मन्त्री रुबियोले यो यथास्थिति अस्वीकार्य छ र तत्काल परिवर्तन नभएको स्पष्ट पारेको छ । त्यसकारण अमेरिकाले सन्धि अन्तर्गत आफ्नो अधिकारको रक्षा गर्न आवश्यक कदम चाल्नुपर्नेछ,' अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता ट्यामी ब्रुसले एक विज्ञप्तिमा भनेका छन् ।

# हमासद्वारा थप ३ बन्धक रिहा



**जेरुसलेम –** प्यालेस्टिनी समूह हमासले थप तीनजना बन्धक रिहा गरेको छ । उनीहरूमध्ये दुई जनालाई दक्षिणी गाजाको खान युनिस र एक जनालाई गाजासिटीबाट रिहा गरिएको हो ।

३४ वर्षीय यार्देन बिवास र फ्रान्सको समेत नागरिकता भएका ५३ वर्षीय ओफर काल्देरोनलाई खान युनिसबाट रिहा गरिएको हो । त्यस्तै, ६५ वर्षीय किइथ सिगललाई गाजासिटीबाट रिहा गरिएको हो । उनीसँग इजरायल र अमेरिकाको दोहोरो नागरिकता छ ।

तीनै जनालाई गत जनवरी १९ मा इजरायल र हमासबीच भएको युद्धविराम सम्झौता अनुसार रिहा गरिएको हो । त्यसको बदलामा इजरायलले १ सय ८३ जना प्यालेस्टिनी बन्दीलाई रिहा गर्दैछ । इजरायलले शनिबार छाड्ने ७० जना आजिवन वा लामो अवधिको कारावास सजाय तोकिएका व्यक्तिहरू भएको जनाइएको छ । दुई पक्षबीच सम्झौता भएयता शनिबार चौथो चरणमा बन्धकहरू छाडिएको हो ।

हमासले ६ साता लामो युद्धविरामको पहिलो चरणमा ३३ जना बन्धकहरू रिहा गर्ने सम्झौतामा उल्लेख छ । त्यसको बदलामा इजरायली जेलमा रहेका करिब १९ सय प्यालेस्टिनी बन्दीहरू रिहा हुनेछन् ।

हमास र इजरायलबीच भएको सम्झौतामा प्रत्येक इजरायली सैनिक बराबर ५० जना र प्रत्येक सर्वसाधारण बराबर ३० जना प्यालेस्टिनी बन्दी छाड्ने उल्लेख छ । युद्धविरामको दोस्रो चरणको वार्ता भने पहिलो चरण सुरू भएको १६ दिनमा हुने सम्झौतामा उल्लेख छ ।

दोस्रो चरणमा बाँकी बन्धकलाई रिहा गरिनुका साथै गाजा क्षेत्रबाट इजरायली सेना पूर्ण रूपमा फिर्ता हुने जनाइएको छ । तेस्रो तथा अन्तिम चरणमा गाजाको पुनर्निर्माण अघि बढाइने सम्झौतामा उल्लेख छ । यो चरणमा बाँकी बन्धक रिहा तथा शवहरू फिर्ता गरिने जनाइएको छ ।

हमासले सन् २०२३ को अक्टुबर ७ मा इजरायलमा गरेको आक्रमणमा १२ सय जनाको ज्यान गएको थियो । २ सय ५१ जनालाई बन्धक बनाएर लगेको थियो । त्यसलगत्तै हमास र इजरायलबीच युद्ध चर्किएको हो ।

गाजास्थित स्वास्थ्य मन्त्रालयका अनुसार अक्टोबर ७ यताको युद्धमा ४७ हजार भन्दा बढी प्यालेस्टिनीले ज्यान गुमाइसकेका छन् । तीमध्ये एक तिहाइभन्दा बढी बालबालिका छन् ।

प्यालेस्टिनी अधिकारीहरूका अनुसार मारिएका बालबालिकाको संख्या १८ हजार नाघिसकेको छ । इजरायली आक्रमणमा १ लाख १० हजार घाइते भएका छन् । इजरायलतर्फ १४ सयभन्दा बढीको ज्यान गएको छ ।

# बाँकेमा ३२ प्रजातिका हिउँदे आगन्तुक जलचर चरा भेटिए

पृष्ठ ४ बाट जारी

### गरिमा विकास बैंक...

विशेष छुट प्रदान गर्ने गरी सम्झौता गरिएको हो ।

सम्झौता पश्चात यस विकास बैंकका सम्पूर्ण ग्राहकहरुले वात्सल्य नेचुरल आईभिएफमा निसन्तान सम्बन्धी उपचारको प्याकेजमा एकमुष्ठ रु १०,०००, प्याथोलोजी परीक्षणमा १०% र औषधीमा ५% छुट प्राप्त गर्नेछन् ।

विकास बैंकका खातावाल ग्राहक, डेबिट तथा क्रेडिट कार्डहोल्डरहरुले वात्सल्य नेचुरल आईभिएफको सम्पूर्ण आउटलेटहरुबाट उक्त छुट प्राप्त गर्नछन् ।



**बाँके-** बाँकेमा यो वर्ष ३२ प्रजातिका हिउँदे आगन्तुक जलचर चरा भेटिएका छन् । यो वर्ष गरिएको चरा गणनाको नतिजा अनुसार उक्त सङ्ख्यामा जलचर चरा भेटिएका हुन् ।

राप्तिसोनारी गाउँपालिका-१ कुसुमस्थित राप्ति नदीबाट सुरु गरिएको गणना तथा सर्वेक्षणमा थप ३२ प्रजातिका चरा भेटिएका चरा संरक्षणकर्मी आशिष चौधरीले जानकारी दिए । 'जिल्लास्थित राप्ती नदीको कुसुमबाट अगैया क्षेत्र र विभिन्न ताल एवं नदीमा जलचर चराको गणना तथा सर्वेक्षण गर्दा यो वर्ष ३२ प्रजातिका थप चरा भेटिएका हुन्', उनले भने,'अघिल्लो वर्षको तुलनामा यो वर्ष नयाँ चराको सङ्ख्या बढेको छ ।'

चौधरीले कान्तितालमा हिउँदे आगन्तुक पानी चरा २० प्रजाति र जिल्लाभरि ३२ प्रजातिका भेटिएका जानकारी दिए । जलचरा संरक्षणका लागि सिमसार नदीनालाको संरक्षण र अन्य पूर्वाधार व्यवस्थापन प्रभावकारी बनाउन सके चराको सङ्ख्या थप वृद्धि हुने उनको भनाइ छ ।

चराविद् राम शाहीले पानी चराको बासस्थान र संरक्षणको अवस्थाका बारेमा विस्तृतमा सूचना तथा जानकारी प्राप्त हुने भएकाले चरा गणना गरिएको बताए । उनले बाँकेको राप्तीनदी तटिय क्षेत्र, सुतैया ताल, कान्तितालमा सिलसिले हाँस र जल कौवासँगै अन्य बकुला प्रजातिका चराका लागि बासस्थान सुरक्षित रहेको जानकारी दिए ।

'जलमा बस्ने चरा प्रजाति सुरक्षित तब हुन्छन् जब उनीहरूले बास गर्ने जलाशय सफा र स्वच्छ हुन्छ', शाहीले भने, 'यो वर्ष अघिल्लो वर्षको तुलनामा तालतलैया सफा भएकाले सिलसिले हाँस र जल कौवाको सङ्ख्या बढेको हो ।' ती चखेवासहित साइबेरियन र रसियाबाट नेपाल फर्केका चरा रहेका उनले जानकारी दिए ।

डिभिजन वन कार्यालय बाँकेका प्रमुख डिभिजन वन अधिकृत शंकरप्रसाद गुप्ताले जलचर चराहरूको गणनाबाट यो वर्ष थप ३२ चरा प्रजातिका चराको सङ्ख्यामा वृद्धि भएको बताए । चराको मुख्य बासस्थानका रूपमा रहेको राप्तीनदी र कान्तितालगायत जलाशय क्षेत्रमा मानवीय गतिविधि र प्रदूषण रोकथाम गरेसँगै सङ्ख्या वृद्धि भएको उनको भनाइ छ ।

कान्तिताल महत्वपूर्ण सिमसार भएको बताउँदै चरा संरक्षण क्षेत्रका रूपमा यसलाई विकसित गर्नुपर्नेमा उनले जोड दिए । बाँके राष्ट्रिय निकुञ्जका सूचना अधिकारी मन्दिप पड्नेनीले यो वर्षको हिउँदे मौसममा गरिएको चरा गणना र सर्वेक्षणमा नयाँ र चाख लाग्दा चरा भेटिएका बताए ।

उनले राप्तीनदीको आसपास क्षेत्र, स्थानीय वन, कान्तिताल र सुतैया तालमा आगामी वर्ष चराको सङ्ख्या वृद्धि गर्न उनीहरूको बासस्थानलाई सफा र सुरक्षित राख्न विशेष योजना बनाइने जानकारी दिए ।

वर्सेनि हुने सर्वेक्षण तथा गणनाबाट चराको बासस्थान व्यवस्थापनका लागि अपनाउनुपर्ने उपायका बारेमा सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे । बर्दियामा पनि चराको सर्वेक्षण तथा गणना सकिएको छ । रैथाने चराको गणना हुन बाँकी रहेको चरा संरक्षणकर्मी चौधरीले बताए ।

# भोजपुर टक्सारको सरस्वती गुफा ओझेलमा



**टक्सार–** श्रीपञ्चमीका दिन मुलुकभरका सरस्वती मन्दिरमा भीड बढिरहँदा सदरमुकाम नजिकै रहेको भोजपुर नगरपालिका-१२, टक्सारको सरस्वती गुफा भने यसको महत्व नबुझ्दा ओझेलमा पर्दै गएको छ । यस्ता धार्मिक महत्व बोकेका स्थानभन्दा पनि विद्यालयस्तरमा नै सरस्वती पूजा गर्ने प्रचलनले ऐतिहासिक कुरा ओझेलमा परेका हुन् ।

सदमुकामदेखि आधा घण्टाको दूरीमा रहेको टक्सारको सरस्वती गुफा अहिले आएको आधुनिक जीवन शैली र विकसित प्रविधितर्फ उन्मुख युवा पिँढीका कारण ओझेलमा पर्दै गएको हो । सरस्वती गुफामा बसेर सात दाना अक्षता नचपाई निल्दा बुद्धि बढ्ने विश्वास विगतमा रहे पनि हाल यसको महत्व कम हुँदै गएको स्थानीयको भनाइ छ ।

विगतमा साना बालबालिकालाई अक्षर चिनाउनका लागि सरस्वती पूजाका दिन यही गुफामा लगिने गरिएको भए पनि अहिले भने सो परम्परालाई निरन्तरता दिन छाडिएको स्थानीय सानुकाजी शाक्यले बताए । उनले भने,

विसं १९९० को भूकम्पअघिसम्म भोजपुर सदरमुकाममा रहेको प्रसिद्ध सिद्धकाली मन्दिर शिवथानबाट भित्र-भित्र हुदै साँधुहरु टक्सारको सोही सरस्वती गुफाबाट बाहिर निस्कने गरेको भनाइ अहिले पनि टक्सारका बुढापाकाको मुखबाट सुन्न पाइन्छ । भूकम्पको धक्काले गुफा प्रवेशको मार्गमा अवरोध खडा भएपछि सहज रुपमा आवत-जावत गर्न समस्या भएको हो ।

बाटो सफा गरेर गुफा प्रवेशमा सहजता ल्याउने हो भने गुफाको महत्व बढ्नाका साथै गुफा धार्मिकस्थलका रुपमा विकसित हुने स्थानीय शिक्षक दीपेन्द्र श्रेष्ठले बताए । विद्यालयमा नै सरस्वती पूजा हुने गरेको र साना बालबालिकालाई पनि विद्यालयमा नै लगेर अक्षरारम्भ गराउने गरिएकाले यसको महत्व कम भएको शिक्षक श्रेष्ठको धारणा छ ।

‘ढुङ्गाले बनेको गुफाको भित्र भागमा सरस्वतीको पूर्ण आकृति भएको ढुङ्गा रहेको छ, सोही कारण पनि यो गुफाको महत्व देखिएको छ ।’

सरस्वती गुफा धार्मिक पर्यटकीय हिसाबले पनि महत्व बोकेको स्थल भएकाले यसका लागि पर्यटन मन्त्रालयले पनि चासो देखाउनुपर्ने स्थानीयको माग छ । स्थानीय विमल रणपहेलीले भने, ‘यस्ता इतिहास बोकेका स्थानको संरक्षणमा पर्यटन मन्त्रालयले पनि ध्यान दिनुपर्छ, यसका लागि जिल्ला तहका माथिल्लो निकायमा पुगेकाहरुले पनि पहल गर्नुपर्छ ।’

सो स्थानको भित्री भागमा सरस्वतीको पूर्ण आकृति भएको ढुङ्गा रहेकाले गर्दा सो गुफाको नाम सरस्वती गुफा रहन गएको किंवदन्ती रहेको पाइन्छ । अहिलेको परिवर्तित अवस्थामा पुराना परम्परा र संस्कृतिको संरक्षण संवर्द्धन हुनुपर्नेमा त्यसतर्फ कसैको पनि ध्यान नगएका कारण सरस्वती गुफाजस्ता धार्मिकस्थल नाममा मात्र सीमित बन्दै गएको स्थानीय टक्सारवासीको गुनासो रहेको छ ।

विगतमा सरस्वती पूजा गर्नका लागि मन्दिरहरुमा भीड बढ्ने गरेको भए पनि अहिले आएर घरघरमै र विद्यालयका विद्यार्थीले स्कुलमा नै पूजा गर्न थालेपछि पनि यस्ता ऐतिहासिक गुफाको महत्व कम हुँदै गएको स्थानिय अमृका ताम्राकारको धारणा छ ।

# छोटो समयमै ‘दुई कदम’ बोलको गीत चर्चामा



**काठमाडौं–** भ्वाइस अफ नेपालको आपर माया पछि गायक रबिन भुसालको आवाजमा नयाँ गीत “दुई कदम” BNF Production युटुब च्यानलबाट सार्वजनिक भएको छ ।

उक्त गीतको शब्द, संगीत र आवाज रबिन भुसालको रहेको छ । साथै गीतको भिडियो निर्देशन बिशाल नेपालीले गरेका हुन् भने, छायांकन दिनेश पराजुलीको रहेको छ भिडियोमा प्रमुख भूमिकामा आयुष खान र अश्विनी शाहीको अभिनय रहेको छ ।

यी दुवै कलाकारको अभिनयले भिडियोमा भावनात्मक गहिराइ ल्याएको छ र त्यसको विशेष प्रशंसा गरिएको छ । आयुष खान र अश्विनी शाहीले प्रेम र पिरतीको कथा निकै आकर्षक तरिकाले प्रस्तुत गरेका छन्, जसले गीतलाई अझ प्रभावकारी बनाएको छ ।

“दुई कदम” गीत एक लोक आधुनिक शैलीमा तयार पारिएको गीत हो । जसले माया पिरतीको भावनालाई प्रस्तुत गरेको छ । यस गीतको संगीत र शब्दले दर्शकहरुलाई एउटा विशेष अनुभव दिलाएको छ, जसले गायक रबिन भुसालको संगीतमा रहेको गहिराइ र भावनालाई दर्शाउँछ । रबिनको आवाज र गीतको समग्र सन्देशले धेरैलाई आकर्षित गरेको छ ।

गीत सार्वजनिक भएको केही दिनमै, सामाजिक मिडिया प्लेटफर्महरुमा ठूलो चर्चा प्राप्त गरेको छ । युट्युब, टिकटक र फेसबुक जस्ता सामाजिक मिडिया पेजहरूमा यस गीतका बारेमा धेरै चर्चा भइरहेको छ । दर्शकले गीतको भिडियो र संगीतको प्रशंसा गर्दै यसलाई आफ्ना सोशल मिडिया पेजहरूमा सेयर गर्न थालेका छन्, जसले गीतको लोकप्रियतामा थप वृद्धि गरेको छ ।

यस गीतको सफलता र त्यसले प्राप्त गरेको लोकप्रियता रबिन भुसालको संगीत यात्रा र सिर्जनात्मकतामा नयाँ उचाइ थप्दै छ । साथै, बिशाल नेपालीको निर्देशनले भिडियोको कला र प्रस्तुतिमा महत्वपूर्ण योगदान पुर्याएको छ । “दुई कदम” गीतले प्रेम र पिरतीका गहिरा भावनाहरूलाई एउटा नयाँ र ताजगीपूर्ण तरिकामा प्रस्तुत गरेको छ, जसले दर्शकलाई भावनात्मक रूपमा जोड्न सफल भएको छ ।

# फिल्म “जार” वैशाखमा प्रदर्शन हुने




काठमाडौं- साहित्यकार इन्द्रबहादुर राईको ऐतिहासिक कथामा आधारित फिल्म ‘जार’ को अफिसियल रिलिज घोषणा गरिएको छ ।

निर्माण ब्यानर फेरि टेल पिक्चर्सले फिल्मको एक पोस्टर सार्वजनिक गर्दै ‘जार’ आगामी वैशाख २६ (मे ९) मा प्रदर्शनमा आउने जानकारी दिएको छ ।

फिल्म प्रदर्शनको लागि नेपालभित्र एप्पल इन्टरटेन्मेन्ट, रीच इन्टरटेन्मेन्ट र एफडी कम्पनिले वितरण अधिकार खरिद गरेको छ भने अन्तर्राष्ट्रिय वितरकको रूपमा सेभेन सिज सिनेमा अनुबन्ध भएको छ । यसैसाता वितरण कम्पनीहरूसँग सम्झौतापछि निर्माण टिमले आधिकारिक प्रदर्शन मिति तय गरेको हो ।

सार्वजनिक पोस्टरमा प्रमुख तीन पात्रलाई क्यारेक्टर लूक्समा देखाइएको छ । फिल्मको शीर्ष भूमिकामा अभिनेताद्वय सौगात मल्ल, अनुपबिक्रम शाही र भारतीय राष्ट्रिय चलचित्र पुरस्कार विजेता अभिनेत्री गीताञ्जली थापा छन् । ‘लायर्स डाइस’बाट उत्कृष्ट अभिनेत्री विधामा भारतको राष्ट्रिय अवार्ड जितेकी गीताञ्जली अभिनित फिल्म टोरन्टो, बुसान, लस एन्जलस, न्युयोर्क लगायतका विश्व चर्चीत फिल्म फेस्टिभलमा समेत स्क्रिनिङ भइसकेका छन् । नेटफ्लिक्स सिरिज ‘सेक्रेड गेम्स’मा पनि गीताञ्जलीले अभिनय गरेकी छिन् ।

फूर्वा छिरिङ लामाको निर्देशन रहेको फिल्मको सम्पूर्ण छायाङ्कन सिक्किममा गरिएको छ । अधिकांश कलाकार र सम्पूर्ण प्राविधिक टिम भारतबाट नै छन् । होप रिल्स, एलए सेभेन सर्ट्स, बराल स्टुडियो र किवा प्रोडक्सनको सहकार्यमा निर्माण भएको यो फिल्मको कार्यकारी निर्मातामा त्रिलोचन पाण्डे, नीरज राई, नुर्साङ भुटिया, ज्योती क्षेत्री र पेमा रिन्जिङ लेप्चा छन् ।

सन् १८ सयको दशक अन्त्यतिर नेपाली समाजमा घटेको एक यथार्थ घटनालाई फिल्मले बोल्नेछ । फिल्ममा झुमा लिम्बु र गंगा थापाको संगीत छ । नेपाल र भारतसहित अन्तर्राष्ट्रिय बजारमा यो फिल्म एकसाथ प्रदर्शनमा आउने निर्माण टिमले बताएको छ ।

# चन्द थापा श्रेष्ठको आवाजमा रहेको ‘अनिधो आँखा’ चर्चामा



**काठमाडौं–** चन्द थापा श्रेष्ठको आवाजमा रहेको “अनिधो आखाँ” बोलको गीत ऋजबलमब त्जबउब क्जभचकतजब अफिसियल युट्युब च्यानलबाट सार्वजनिक भएको छ ।

उक्त गीतको शब्द, संगीत र आवाज चन्द थापा श्रेष्ठ स्वयमको रहेको छ । भने पछिल्लो समयका लोकप्रिय निर्देशक बिशाल नेपालीले निर्देशन गरेकाछन् उक्त गीतमा विक्रम बुढाथोकी, संगिता शाही र चन्द थापा श्रेष्ठको अभिनय आकर्षक रूपमा देखिन्छ ।

आधुनिक शैलीमा तयार पारिएको उक्त गीतलेमाया र पिरतीका भावनालाई प्रभावकारी ढंगले प्रस्तुत गरेको छ । विशेष गरी गायिका चन्द थापा श्रेष्ठको आवाजको धेरै प्रशंसा गरिएको छ ।

यो गीत चन्द थापाको पहिलो गीत हो, र उनले यस गीतमार्फत संगीत क्षेत्रमा आफ्नो यात्रा सुरु गरिन् । गीतको सफलता र उनको सुरीलो आवाजले उनलाई एकदमै ठूलो प्रशंसा प्राप्त गराएको छ ।

उक्त गीतले चन्द थापा श्रेष्ठ लाई भविष्यमा संगीत क्षेत्रमा अझ उचाइमा पुर्याउने सम्भावनाहरु देखाएको छ । उनले आफ्नो पहिलो प्रयासमा नै यो स्तरको सफलता प्राप्त गरेकी छिन्, जुन उनको आवाजले दर्शकहरुसँग गहिरो कनेक्शन स्थापित गरेको छ र यो गीतले उनलाई भविष्यमा अझ धेरै सफलता दिलाउने निश्चित छ । गीतको सफलता उनको प्रतिभा र मेहनतको प्रतिफल हो ।

# “दु:खी आत्मा” ट्रेलर : यौन दुर्बलताको समस्याले पीडित पात्रको कथा

**काठमाडौं–** आगामी फागुन २ गतेबाट प्रदर्शन हुन लागेको फिल्म ‘दु:खी आत्मा’को ट्रेलर सार्वजनिक गरिएको छ । वसन्त पञ्चमीको दिन पारेर सोमबार सार्वजनिक चार मिनेट लम्बाईको ट्रेलर एक पात्रको वरिपरि घुमेको छ, जो यौन दुर्बलता (इरेक्टाइल डिस्फङ्कसन) बाट पीडित छ । उसमा यौन चाहना भएपनि यौन दुर्बलताका कारण भोग्नुपरेको समस्यालाई ट्रेलरमा हास्य शैलीमा प्रस्तुत गरिएको छ ।

यौन दुर्बलताको समस्याबाट पीडित पात्रको भूमिकामा दयाहाङ राईले अभिनय गरेका छन् । उनको कविता लेखनमा रुचि देखिन्छ । उनको जोडी बनेर आँचल शर्मा प्रस्तुत छिन् । यौन दुर्बलताकै कारण उनीहरुबीच उत्पन्न परिस्थितिलाई ट्रेलरले रोचक शैलीमा पेस गरेको छ, जसले दर्शकमा रोमाञ्चकता पैदा गराउन सक्छ । ट्रेलरमा प्रचुर द्विअर्थी संवाद छन् ।

दीपेन्द्र लामाको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा दयाहाङ र आँचलसहित अनुपविक्रम शाही, बुद्दि तामाङ, रेअर राई, पुष्कर गुरुङ, कविता आले, लोकेन्द्र लेखक, दीया मास्के, आशान्त शर्मा, लुनिभा तुलाधर, शिशिर वाङ्देल लगायतको अभिनय छ । फिल्मलाई ‘नाङ्गो गाउँ’का निर्माता हिमाल कडरियाले निर्माण गरेका हुन् ।

फिल्मको कार्यकारी निर्माता सुदीप ढकाल हुन् । यसमा आलोक शुक्लाको छायांकन, निमेष श्रेष्ठको सम्पादन, रामजी लामिछानेको कोरियोग्राफी तथा रोहित शाक्यको ब्याकग्राउन्ड स्कोर छ । क्लक वर्क कृएसनको ब्यानरमा निर्माण भएको फिल्ममा चर्चित कवि तथा गीतकार श्रवण मुकारुङले विभिन्न शीर्षकमा लेखेका दशवटा कविता समावेश गरिएको छ, जुन ट्रेलरमा पनि सुन्न सकिन्छ ।



# फेरि बन्दै “मनको बाँध”, युवराज कार्कीले निर्देशन गर्ने

**काठमाडौं–** नेपाली फिल्मको इतिहासमा एउटा महत्त्वपूर्ण फिल्म मानिन्छ, ‘मनको बाँध’ । २०३० सालमा प्रदर्शन भएको यो फिल्म शाही नेपाल चलचित्र संस्थानले स्थापनाको २ वर्षपछि निर्माण गरेको थियो । यो राज्यबाट मनोरञ्जन कर छुट पाउने पहिलो नेपाली फिल्म हो । अब यही नाममा ५ दशकपछि अर्को फिल्म बन्ने भएको छ । सोमबार थिम पोस्टरमार्फत् ‘मनको बाँध’को निर्माण घोषणा गरियो ।

फिल्मको निर्देशन युवराज कार्कीले गर्नेछन् । उनी प्रोडक्सन डिजाइनरको रुपमा परिचित छन् । यही फिल्मबाट उनले निर्देशनमा डेब्यु गर्न लागेका हुन् । फिल्मको निर्माणमा श्रीत फिल्म्स एन्ड इन्टरटेनमेन्ट तथा नटराज क्रियसनले सहकार्य गरेका छन् । अहिलेसम्म कलाकार तथा प्राविधिकहरूको नाम खुलाइएको छैन ।

‘मनको बाँध’ ग्रामीण जीवनका सङ्घर्ष, आर्थिक असमानता, वैवाहिक असमानता, सामाजिक अन्याय र हिंसाका विषयमा आधारित हुने जनाइएको छ । फिल्मले महिलाको साहस, धैर्यता र




आत्मविश्वासको कथालाई प्रभावशाली रुपमा चित्रण गर्ने निर्देशक कार्कीले बताए । फिल्मको छायांकन यसै वर्ष गरेर आगामी वर्ष रिलिज गर्ने लक्ष्य राखिएको छ ।

नेपाल चलचित्र प्राविधिक सङ्का महासचिव समेत रहेका युवराज अनुभवी प्रोडक्सन डिजाइनरका रूपमा परिचित छन् । ‘जात्रा’, ‘शत्रु गते’, ‘दाल भात तरकारी’ र ‘द सिक्रेट अफ राधा’ जस्ता फिल्ममा प्रोडक्सन डिजाइनको जिम्मेवारी सम्हालेका उनी दुई वर्ष अगाडि रिलिज भएको फिल्म ‘के घर के डेरा’मा कार्यकारी निर्माताको भूमिकामा थिए, जसको सिक्वेल हाल पोस्ट-प्रोडक्सनमा छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २४, २०८१ साल माघ २२ गते मंगलबार (Feb 4, 2025)

# दिब्योल लुब्रिकेन्ट्सले नेपालमा उत्पादन शुरु गर्ने घोषणा




**काठमाडौं–** दिब्योल लुब्रिकेन्ट्सको नेपालका लागि आधिकारिक विक्रेता सत्यदिप इन्टरनेसनलले 'मिट एन्ड ग्रिट' कार्यक्रम सम्पन्न गरेको छ । सो अवसरमा दिब्योल लुब्रिकेन्ट्स नेपालमै उत्पादन थाल्ने घोषणा समेत गरियो ।

दिब्योल लुब्रिकेन्ट्सको उत्पादक कम्पनी गान्धार आयल रिफाइनरी (इन्डिया) लिमिटेड र सत्यदिप ग्रुपले सो घोषणा गरेका हुन् । सोमबार ललितपुरमा आयोजना गरिएको उक्त कार्यक्रममा दिब्योल लुब्रिकेन्ट्सका तर्फबाट प्रबन्ध निर्देशक समिर पारेख, सेल्स हेड सिल्भानस परमार, नेपाल अटो मेकानिक्स व्यवसायी संघका निवर्तमान अध्यक्ष ठाकुर प्रसाद न्यौपाने र सत्यदिप इन्टरनेसनलका प्रबन्ध निर्देशक दिपेन्द्र कुमार मिश्र लगायतको उपस्थिति रहेको थियो ।

१०० भन्दा बढी रिटेलर र मेकानिक्स सहभागी कार्यक्रममा दिब्योल लुब्रिकेन्ट्सको गुणस्तर र उपलब्ध प्रोडक्ट रेन्जका बारेमा जानकारी गराइएको थियो । सो अवसरमा गान्धार आयल रिफाइनरीका सेल्स हेड सिल्भानस परमारले दिब्योल लुब्रिकेन्ट्सको गुणस्तर, यसको विशेषता र नेपालमै उत्पादन थाल्नुको महत्वबारे प्रकाश पारे ।

पेट्रोलियम प्रोडक्ट उत्पादनमा विश्वकै अग्रणी मध्ये एक दिब्योल लुब्रिकेन्ट्स हाल विश्वका १०६ भन्दा बढी देशमा बिक्री हुँदै आएको उनको भनाइ थियो ।

'दिब्योलले हाल भारत, यूएई र नेपालमा उच्च गुणस्तरको लुब्रिकेन्ट्स उत्पादन गर्दै आएको छ । हामीसँग विश्वकै उत्कृष्ट फर्मुलेसन तथा रिसर्च एन्ड डेभ्लपमेन्ट सुबिधा छ । गुणस्तर अब्बल भएकै कारण मर्सिडिज बेन्ज, भल्भो र अतुलजस्ता विश्व प्रख्यात ब्रान्डले दिब्योललाई आफ्नो सवार 'साधनमा प्रयोग गर्न सिफारिस गरेका छन् । हामीसँग लुब्रिकेन्ट्सका साथै अटो केयर प्रोडक्ट समेत उपलब्ध छ,' परमारले भने ।

सुलभ मूल्यमा गुणस्तरिय लुब्रिकेन्ट्स उपलब्ध गराएकै कारण आजका दिनमा दिब्योलको बजार विश्वभर विस्तार हुन सकेको उनले जिकिर गरे । नेपाली उपभोक्तालाई मूल्यमा थप सहुलित दिन र पहुँच विस्तार गर्ने हेतुले आफूँहरुले सत्यदिप ग्रुपसँग मिलेर नेपालमै यसको उत्पादन थालेको उनको भनाइ छ ।

सत्यदिप ग्रुपका प्रबन्ध निर्देशक दिपेन्द्र कुमार मिश्रले गान्धार आयल रिफाइनरीकै फर्मुलेसनमा आधारित भएर यसको उत्पादन नेपालमा गरिएको जानकारी गराए । उनले भने, 'हामीले यसको सिन्थेटिक आयल बाहेक अधिकांश उत्पादन स्वदेशी उद्योग युनाइटेड लुब्रिकेन्ट्स इन्डष्ट्रिजमार्फत गर्दै आएका छौं । जुन प्लान्टबाट भिडोल र नेपाल गोल्ड लुब्रिकेन्ट्स समेत उत्पादन भइरहेको छ ।'

आफ्नै उद्योगबाट उत्पादन हुने हुँदा बजारको माग अनुसार ग्रेड र प्याक साइज उपलब्ध गराउन कुनै समस्या नरहेको उनले बताए । मिश्रका अनुसार सत्यदिप ग्रुपले नेपालकै सबैभन्दा ठूलो र अत्याधुनिक लुब्रिकेन्ट्स प्लान्ट स्थापना गरेको छ । सो प्लान्टमा गुणस्तर जाँचका लागि सुबिधासम्पन्न ल्याबको समेत व्यवस्था गरिएको छ ।

# नेपालको अटोमोवाइल क्षेत्रलाई बलियो बनाउन एनएभिटी र एनएडिएविच सहमती



**काठमाडौं–** काठमाण्डौमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (एनएभिटी) र नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल (एनएडिए) का प्रतिनिधिहरु विच नेपालको अटोमोवाइल क्षेत्रमा कुशल श्रमिक र रोजगारीको बढ्दो माग पूरा गर्न तीन वटा क्षेत्रमा पारस्परिक सहकार्य गर्ने सहमती भएको छ ।

१. त्यसका लागि आवश्यक पाठ्यक्रम निर्माण, तालिम कार्यक्रम, र रोजगारीका लागि अवसरहरु सृजनागरी आवश्यक सुधार समेत गर्ने ।

२. दुवै सस्ंथाहरुले नेपालको अटोमोबाइल उद्योगहरुको वृद्धिका लागि नविनतम अध्ययन अनुसन्धानलाई अघि बढाउने ।

३. यस्तोपारस्परिक सहकार्य मार्फत उद्योगकोआवश्यकताहरु र कर्मचारीहरुकोक्षमता बी(चकोखाडल पूरा गर्ने ।

४. लेवल एक बाट तालिमको शुरुआत गर्ने र क्रमसः लेवेल दुईमा जाने ।

५. आवश्यकता अनुसार पाठयक्रम बनाउने र त्यसका लागि आवश्यक ओरिएण्टेशन दिलाउने ।

६ . तालिम र पाठयक्रम निर्माणका लागि एनएभिटीलेएनएडिएसंग सहमतीगरी (एमओय) अघि बढने ।

उक्त छलफलमा नाडाकातर्फबाट अध्यक्ष करणकुमार चौधरी, उपाध्यक्ष राजनबाबु श्रेष्ठ र महासचिव सुरेन्द्रकुमार उप्रेती समेतको उपस्थित थियो ।

दुई निकायहरुविच भएको यस्तो एतिहासिक पारस्परिक सहमतीले अटोमोबाइल क्षेत्रमा योग्य र सक्षम श्रमिकहरुको आपूर्तिमा निरन्तरता र सहजता आउने अपेक्षा समेत राखिएकोछ ।

# सेरेसद्वारा नेपालभर एक्सचेन्ज र टेस्ट ड्राइभ क्याम्पको सुरुवात

**काठमाडौं–** एमएडब्लु वृद्धि अन्तर्गत नेपालको अग्रणी ईभी ब्रान्ड सेरेसले २६ देखि ३० जनवरी, २०२५ सम्म हुने "लिमिटलेस एक्सपिरियन्स" एक्सचेन्ज र टेस्ट ड्राइभ क्याम्पको घोषणा गरेको छ ।

यो राष्ट्रव्यापी कार्यक्रम नेपालभरका सबै सेरेस शोरूमहरूमा उपलब्ध हुनेछ, जसमा काठमाडौं उपत्यकाका नक्साल, थसिखेल, भक्तपुर र नयाँबजारका चार र उपत्यका बाहिर पोखरा, बुटवल, चितवन, वीरगञ्ज र विराटनगरका शोरूमहरू रहेका छन् ।

यो पाँच दिन हप्ता लामो कार्यक्रमले ग्राहकहरूलाई विभिन्न विशेष अफर र सुविधाहरूको लाभ प्रदान गर्नुका साथै सेरेस ईभीहरूको अत्याधुनिक प्रविधि र पर्फर्मेन्स प्रत्यक्ष अनुभव गर्ने अवसर पनि प्रदान गर्नेछ ।




सेरेसले नगद छुट, निस्शुल्क ७ किलोवाट चार्जर, प्रत्येक टेस्ट ड्राइभमा गिफ्ट ह्याम्पर र उत्कृष्ट एक्सचेन्ज मूल्य र बोनसहरू सहित विभिन्न अफरहरूका साथ इलेक्ट्रिक ड्राइभिङमा स्विच गर्ने आकर्षक मौका प्रदान गर्नेछ ।

लो मान्थाङभन्दा माथि ४६६० मा अवस्थित चुनौतीपूर्ण कोरला पास पुग्ने पहिलो ईभी बन्दै सेरेसले नेपालमा विद्युतीय गतिशीलताको सीमालाई पुनस्परिभाषित गरिसकेको छ । यो उल्लेखनीय उपलब्धिले ब्रान्डको नवप्रवर्तन, स्थायित्व र पर्फर्मेन्सप्रति अटल प्रतिबद्धता प्रदर्शन गरेको छ ।

बलियो निर्माण र आफ्नो खण्डमा उत्कृष्ट ग्राउन्ड क्लियरेन्सको साथ सेरेस ईभीहरू केवल शहरी यात्राको लागि मात्र नभई नेपालको विविधतापूर्ण भूभागमा पुग्न र तपाईंलाई अविस्मरणीय एडभेन्चरमा लैजान डिजाइन गरिएका छन् ।

"लिमिटलेस एक्सपिरियन्स" एक्सचेन्ज र टेस्ट ड्राइभ क्याम्पले उन्नत विद्युतीय सवारी साधनहरू मात्र नभई निर्बाध र ग्राहक केन्द्रित स्वामित्व अनुभव प्रदान गर्ने सेरेसको समर्पणमा प्रकाश पार्छ । नवप्रवर्तन, कार्यसम्पादन र दिगोपनमा ध्यान केन्द्रित गर्दै सेरेस ईभीहरूले नेपालको द्रुत रूपमा विस्तार भइरहेको विद्युतीय सवारी बजारमा नयाँ मापदण्डहरू स्थापित गरिरहेका छन् ।

यो कार्यक्रमले सम्भावित ग्राहकहरूका लागि सेरेस ब्रान्डलाई परिभाषित गर्ने यसका उन्नत सुविधा र अनुपम लक्जरी अन्वेषण गर्न एक उत्तम प्लेटफर्म प्रदान गर्दछ ।

"यदि तपाईं ईभी गाडी लिन वा आफ्नो हालको गाडी अपग्रेड गर्न खोज्दै हुनुहुन्छ भने सेरेस एक्सचेन्ज र टेस्ट ड्राइभ क्याम्पले सुवर्ण अवसर प्रदान गर्दछ ।

# यामाहा नेपालले ध्८२०क्ष त्रिकोणात्मक शृङ्खला २०२५ को टाइटल प्रायोजन गर्ने




**काठमाडौं–** प्रदर्शन, विश्वसनीयता र उत्कृष्टताको पर्याय ब्रान्ड यामाहा नेपालले माघ १७ देखि २५ गतेसम्म टीयू अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आयोजना हुने ध्८२०क्ष त्रिकोणात्मक शृङ्खला २०२५ को टाइटल प्रायोजनको घोषणा गरेको छ ।

तीन प्रतिस्पर्धी राष्ट्रहरू नेपाल, नेदरल्याण्ड्स र थाइल्याण्डबीच हुने यो प्रतियोगिताका खेलहरू दिउँसो १२:१५ बजे सुरु हुनेछन् । जोश, शुद्धता र शक्तिलाई मूर्त रूप दिने ब्रान्ड यामाहा नेपालको क्रिकेटसँगको सम्बन्धले देशमा खेलकुद र युवा संलग्नतालाई सघाउने विश्वास गरिएको छ ।

नेपालमा लोकप्रिय खेलहरूमध्येको एक क्रिकेट यामाहा जस्तो गतिशील ब्रान्डसँग जोडिँदा युवा महिला खेलप्रेमीहरूलाई आत्मविश्वास र दृढ संकल्पका साथ आफ्ना सपनाहरू पछ्याउन प्रेरणा मिल्ने छ ।

ध्८२०क्ष त्रिकोणात्मक शृङ्खलाको बारेमा एमएडब्लू राइड्सका कार्यकारी निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपक कुमार अग्रवालले भने, "यामाहा सधैं खेलभावना, प्रदर्शन र क्षमता अबिवृद्धिमा विश्वास गर्दछ ।

हाम्रा यी मूल्यहरू यामाहा राइडर र क्रिकेट प्रशंसक दुवैसँग दृढतापूर्वक प्रतिध्वनित हुन्छन् । हामी ध्८२०क्ष त्रिकोणात्मक शृङ्खलाको टाइटल प्रायोजक हुन र नेपालमा क्रिकेटको विकासमा योगदान पुर्‍याउन पाउँदा उत्साहित छौं । यो साझेदारीले खेलकुदलाई सशक्त बनाउने र उत्कृष्टताको संस्कृतिलाई बढावा दिनेछ ।"


ध्८२०क्ष त्रिकोणात्मक शृङ्खला २०२५ मा तीन अन्तर्राष्ट्रिय टोलीहरू बीचको तीव्र प्रतिस्पर्धाले नेपालमा विश्वस्तरीय क्रिकेटको रोमान्च भित्र्याउने निश्चित छ । यामाहा नेपालको संलग्नतासँगै यो शृंखलाले क्रिकेटप्रेमी, यामाहा प्रशंसक र खेलकुद प्रेमीहरू सबैलाई सहभागी गराई गति, शिल्प र खेलभावनाको रोमाञ्चक संयोजन सिर्जना गर्नेछ ।

# कर्जाको ब्याजदर निरन्तर सस्तिंदै

**काठमाडौं–** पछिल्लो एक वर्षमा वाणिज्य बैंकहरुको कर्जाको औसत ब्याजदर २.६९ प्रतिशत विन्दुले घटेको छ ।

बैंकिङ प्रणालीमा अधिक तरलता (लगानीयोग्य रकम)का कारण बैंकहरुले लागत कम गर्न घटाउँदै आइरहेको निक्षेपले बेसरेट घट्न गइ कर्जा सस्तिन पुगेको हो ।

चालु आर्थिक वर्षको पुसमा वाणिज्य बैंकहरुको कर्जाको औसत ब्याजदर ८.६९ प्रतिशतमा झरेको छ । पोहोर पुसमा वाणिज्य बैंकहरुको कर्जाको औसत ब्याजदर ११.३८ प्रतिशत थियो ।




त्यसैगरी विकास बैंकहरुको कर्जाको औसत ब्याजदर ३.०४ प्रतिशत र फाइनान्स कम्पनीहरुको ३.०८ प्रतिशत विन्दुले घटेको छ ।

पोहोर पुसमा विकास बैंकको कर्जाको औसत ब्याजदर १३.१४ प्रतिशत र फाइनान्स कम्पनीहरुको १४.०९ प्रतिशत थियो ।

**वायु प्रदुषणबाट बचौं र बचाऔं**

- वायु प्रदुषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्ककौं प्रयोग गरौं,
- सवारी साधनको सकेसम्म कम प्रयोग गरौं,
- रुख विरुवा रोपौं र हरियाली बढाऔं,
- दाउरा र कोइलाको सट्टा नविकरणीय उर्जाको प्रयोग गरौं,
- सडक र निर्माणस्थलवाट निस्कने धुलो व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परिक्षण गराऔं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार